मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक २५३ • २०८२ साल श्रावण १६ गते शुक्रबार • Friday 01, August 2025 • सूर्योदय: बिहान ५:२९ बजे • सूर्यास्त: साँझ ६:५४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## घरमै ब्राउन सुगरको कारोबार ?

**मधेशदृष्टि**
**बारा ।**

जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २, रेलवे लाइन टोलबाट ब्राउन सुगरसहित एकजना पक्राउ परेका छन् । ४० वर्षीय सरोज कुमार कुर्मीको घरमा ब्राउनसुगरको कारोबार भइरहेको सूचना पाएर पुगेको प्रहरीले घर खानतलासी गर्दा लुकाइछिपाइ राखेको अवस्थामा लागुऔषध ब्राउन सुगर जस्तो खैरो पदार्थ २.०४ ग्राम र तौल गर्ने सानो डिजिटल तराजु समेत फेला पारेको हो । ब्राउन सुगर जस्तो खैरो पदार्थ र डिजिटल तराजुसमेत बरामद गरेर कुर्मीलाई नियन्त्रणमा लिएर आवश्यक कारबाही भइरहेको प्रहरीले जनाएको छ ।

# अग्रवालको ५१ करोड भन्दा बढी सम्पत्ति जफत गर्न सम्पत्ति शुद्धिकरणद्वारा मुद्दा दायर

*निरञ्जन अग्रवालले आफ्नै नाम मात्र होइन, पत्नी रीतादेवी र अन्य दुई व्यक्ति युनेश वली र सविता कुमारीको साझेदारीमा समेत सम्पत्ति आर्जन गरेको पाइएको छ । उनका नाममा विभिन्न जिल्लामा बहुमूल्य जग्गा, बैंक खाता, शेयर र अन्य लगानी दर्ता भएको अनुसन्धानमा पाइएको छ । यी सम्पूर्ण सम्पत्ति अवैध स्रोतबाट आर्जन गरिएको विभागको दाबी छ । अग्रवालले ५१ करोड ११ लाख ९५ हजार ७० रुपैयाँ ८ पैसा बराबरको सम्पत्ति अवैध रूपमा आर्जन गरेको पाइएको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजका व्यापारी निरञ्जन अग्रवाललाई झुटा विवरणमार्फत नेपाली नागरिकता लिएर करोडौँको सम्पत्ति आर्जन गरेको आरोपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

बिहीबार दायर भएको मुद्दामा ५१ करोड रुपैयाँ भन्दा बढीको बिगो कायम गरिएको छ ।

वीरगंज महानगरपालिका–१०, लाठगल्लीबाट नेपाली नागरिकता लिएका अग्रवालले वैवाहिक अंगीकृतमार्फत पत्नी रीतादेवी अग्रवाललाई पनि नागरिकता दिलाएको पाइएको छ । प्रारम्भिक नागरिकताको प्रक्रिया नै अवैध पाइएपछि उनीहरूको सम्पत्ति आर्जनमाथि विस्तृत अनुसन्धान थालिएको हो ।



अग्रवालले आफ्नै नाम मात्र होइन, श्रीमती र अन्य दुई व्यक्ति युनेश वली र सविता कुमारीको साझेदारीमा समेत सम्पत्ति आर्जन गरेको पाइएको छ । उनका नाममा विभिन्न जिल्लामा बहुमूल्य जग्गा, बैंक खाता, शेयर र अन्य लगानी दर्ता भएको अनुसन्धानमा पाइएको छ । यी सम्पूर्ण सम्पत्ति अवैध स्रोतबाट आर्जन गरिएको विभागको दाबी छ ।

सरकारी वकिल कार्यालयमार्फत दायर अभियोगपत्रमा अग्रवालसहित चार जनालाई प्रतिवादी बनाई मनी लन्डरिङ निवारण ऐन, २०६४ अनुसार कारबाही माग गरिएको छ । विभागले सम्पूर्ण अवैध सम्पत्ति जफत गरी राज्यको हकमा ल्याउन तथा अपराध पीडित संरक्षण ऐन, २०७५ अनुसार क्षतिपूर्ति स्वरूप राहत कोषमा रकम दाखिला गर्न माग गरेको छ ।

विभागले ५१ करोड ११ लाख ९५ हजार ७० रुपैयाँ ८ पैसा बराबरको सम्पत्ति अवैध रूपमा आर्जन गरेको दाबी गरेको छ ।

# तराई–मधेशमा ‘डिपवाटर एक्फर आवश्यक छ’




**मधेशदृष्टि**
**वीरगंज ।**

राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले तराई–मधेशमा भूमिगत रुपमा दुई सय ५० मिटर गहिराइमा डिप बोरिङ जडान गरिएमा पर्याप्त मात्रामा पानी उपलब्ध हुने जानकारी दिएका छन् ।

ग्रिनसिटि सामुदायिक सेवा केन्द्र वीरगंजद्वारा आयोजित बृहत वृक्षारोपणमा उनले तराई मधेशका जिल्लामा एक सय देखि १ सय ५० मिटर गहिराइमा पानीको पर्याप्त स्रोत नभएकाले पनि कम्तिमा पनि दुई सय ५० मिटर गहिराईका ‘डिपवाटर एक्फर’ मार्फत बोरिङ गरेमा पर्याप्त मात्रामा भूमिगत पानी निकाल्न सकिने बताए । ‘यहाँ विशेष गरी एक सयदेखि एक सय ५० मिटर बोरिङ गरेर भूमिगत पानी तान्ने गरिएको देखिन्छ । तर,यहाँ जमिनमुनिको एक सय ५० मिटरको गहिराईमा पर्याप्त मात्रामा पानीको भण्डारण रहेको छैन,’ उनले भने, ‘विगत ५० वर्षदेखि दुई सय ५० मिटर गहिराईको भूमिगत पानीको मात्रा जस्ताको तस्तै रहिरहेको छ । तर,हाम्रो छिमेकी मुलुक भारतले दुई सय ५० मिटर गहिराइको पानीको उपयोग गरेपनि नेपालले भने सो सतहको पानीको उपयोग गर्न सकिरहेको छैन । अब हामीले खानेपानी र सिँचाईको लागि कम्तिमा पनि दुई सय ५० मिटर गहिराईको सतहबाटै पानी निकाल्नुपर्ने हुन्छ ।’

समितिका अनुसार दुई सय मिटर सम्मको गहिराईको भूमिगत पानीको सतहलाई ‘स्यालो वाटर एक्फर’ भन्ने गरिन्छ भने दुई सय ५० मिटरको गहिराईको भूमिगत पानीको सतहलाई ‘डिप वाटर एक्फर’ भन्ने गरिन्छ । अध्यक्ष पौडेलले दुई सय ५० मिटर गहिराईका डिप बोरिङको खर्च तुलनात्मक रुपमा बढी भएपनि यस्ता खालका बोरिङ बढी प्रभावकारी हुने दाबी गरे । ‘भूमिगत पानीको सतह छिमेकीमुलुक भारत र नेपालको उस्तै खालको छ । २ सय ५० मिटरभन्दा गहिराईको पानी भारतको तर्फबाट प्रयोग भइरहेका छन्,’ उनले भने, ‘हाम्रो नेपालको तर्फबाट गरेका छैनौँ । यद्यपी हामीले थोरै मिटरको गहिराईमा पानी खनेर यहाँ भूमिगत पानी छैन भनिरहेका छौँ ।’ अध्यक्ष पौडेलले महानगर लगायतका अन्य निकायले ठूला खालका डिप बोरिङ खन्दा कम्तिमा पनि दुई सय ५० मिटर मुनिबाट बोरिङ खन्ने कामलाई प्रोत्साहन गर्न जरुरी भएको बताए । ‘तराई–मधेशमा देखिएको खानेपानी र सिँचाईको संकट रोक्नका लागि सबैले हातेमालो गरेर चुरे संरक्षणमा ध्यान दिन जरुरी भइसकेको छ,’ उनले भने । अध्यक्ष पौडेलले तराई–मधेशमा यो वर्ष पानी कम परेर र पानीको उपयोग बढी गरेर पनि यहाँ विगत केही वर्षदेखि पानीको समस्या सिर्जना भएको बताए । ‘हामीले पानीको पुर्नभरणमा जे गर्नुपर्ने हुन्थ्यो । सो पर्याप्त मात्रामा गर्न सकिरहेका छैनौं,’ उनले भने, ‘हाम्रो मानवीय तर्फबाट र प्रकृति दुवैतर्फबाट समस्या भइरहेको छ ।’

राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति, खानेपानी सिँचाईसँग सम्बन्धित

बाँकी पृष्ठ २ मा

# क्रिकोणात्मक प्रेम सम्बन्ध छोरीको हत्या

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जिल्ला प्रहरी कार्यालयले सोमबार १५ वर्षीया किशोरी अञ्जली कुमारी यादवको हत्याकाण्डका आरोपी सार्वजनिक गरेको छ । क्षीरेश्वरनाथ नगरपालिका–९ इच्छापुरका ३५ वर्षीय रामबाबु साहलाई बुधबार राति पक्राउ गरेर बिहीबार सार्वजनिक गरिएको हो ।

उनले बटेश्वर गाउँपालिका–५ घर भई जनकपुरधाम उपमहानगरपालिका–४ कटैयाचौरीस्थित डेराको कोठामा बस्दै आएकी १५ वर्षीया अञ्जलीको सोमबार राति खुकुरी प्रहार गरी हत्या गरेका थिए ।

रामबाबु यसअघि पत्नी हत्या गरी पाँच वर्ष जेल सजाय काटेर २०७७ सालमा रिहा भएका पात्र हुन् । साहले सोमबार राति खुकुरी प्रहार गर्दा अञ्जलीको मृत्यु भएको थियो भने अञ्जलीकी आमा ३५ वर्षीया आशा र मिथिला नगरपालिका–१ ढल्केवर बस्ने होविन्द्र यादवको १४ वर्षीया छोरी आशा यादव घाइते भएका छन् । आशाको धरानस्थित बिपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको र अवस्था गम्भीर छ ।

अनुसन्धानमा आशा रामबाबुकै प्रेमी रहेको र उनकै कारण घटना भएको देखिएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

साह सजाय काटेर रिहा भएको केही महिनापछि दोस्रो विवाह गरेर गाउँमै बस्दै आएका थिए । मदिरा पसल सञ्चालन गरेकी आशासँग उनको चिनजान भइ प्रेम सम्बन्ध गाँसिएको थियो ।

आशाको श्रीमानलाई दुवैजनाको सम्बन्धबारे थाहा भएपछि दुवै पक्ष बसेर गाउँमा छलफल गरी आशालाई रामबाबुको जिम्मा लगाउने सम्झौता भएको पाइएको थियो । श्रीमान्ले दुई छोरा र एक छोरीको हेरचार गर्ने सहमति भएपछि उनीहरु छुट्टिएका थिए । आशाको शुरुमा आर्थिक अवस्था कमजोर रहेकामा पछि आर्थिक अवस्था सुध्रिँदै जाँदा रामबाबुसँग टाढिन थालेको र पूर्व श्रीमानसँग नजिकिन थालेपछि रामबाबुले हत्या गरेको प्रहरी समक्ष बयान दिएका छन् ।

# मधेशमा सुक्खा: बजेट व्यवस्थापन गर्न निर्देशन




*ट्युवेल माग गर्नेको भिडः सुक्खा तथा खडेरीको मारमा परेका धनुषाका किसानले जनकपुरधामस्थित कृषि ज्ञान केन्द्रको कार्यालयमा डिप ट्युवेल तथा स्यालो टयुवेल माग गर्नेको भीड । कार्यालयले दुई सय ट्युवेल वितरण गर्ने एक हप्ताको सूचना जारी गरेको छ ।*

**मधेशदृष्टि**
**काठमाडौं ।**

राष्ट्रियसभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिले मधेशमा सुक्खाको समस्या बढिरहेको भन्दै समाधानका लागि तत्काल बजेट व्यवस्थापन गर्न सरकारलाई निर्देशन दिएको छ । समितिमा बिहीबार मधेश प्रदेशलगायत देशका विभिन्न क्षेत्रमा देखिएको खानेपानी समस्या समाधान गर्न मन्त्रालयबाट भएका काम कारबाहीबारे आयोजित बैठकमार्फत समितिका सभापति कमलादेवी वन्तले निर्देशन दिए । उनले तत्काल मधेशको समस्या समाधान गर्न नसके कृषि क्षेत्रमा ह्रास आउनुका साथै जनताले खानेपानी अभाव झेल्नुपर्ने उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न आवश्यक बजेटको व्यवस्थापन हुनुपर्ने बताए । ‘मधेशमा देखिएको सुक्खाको तत्कालीन, मध्यकालीन र दीर्घकालीन समस्या समाधानका लागि उपसमिति गठन गरिएको छ,’ उनले भने । समितिका सदस्य उर्मिला अर्यालको संयोजकत्वमा गठित उपसमितिका सदस्यहरुमा नारायणदत्त भट्ट, सावित्री मल्ल, शारदादेवी भट्ट र पूजा चौधरी छन् । बैठकमा सांसद नारायणकाजी श्रेष्ठले खानेपानी जनताको अत्यधिक आवश्यकताको विषय भएको जिकिर गर्दै यसलाई राज्यले प्राथमिकताको विषय बनाउनुपर्नेमा जोड दिए । ‘चुरे दोहनका कारण मधेशमा सुक्खा बढेको छ । पानीको हाहाकार सिर्जना भएको छ,’ उनले भने, ‘मानवसिर्जित यस्ता समस्या समाधान नभए अझै जटिल समस्या उत्पन्न हुनसक्छ । त्यसर्थ, चुरे संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक छ । मधेशको दीर्घकालीन समस्या समाधानमा राज्यले पहल गर्नुपर्छ ।’ सांसद वामदेव गौतमले तराईका आठ जिल्लामा देखिएको सुक्खासम्बन्धी समस्या तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिए । सांसद उर्मिला अर्यालले चुरे क्षेत्रमा बढ्दो अतिक्रमणका कारण चुरे विनाश भई भूमिगत पानीको स्रोत सुक्दै जाँदा सुक्खाको समस्या देखिएको बताइन् । खानेपानी मन्त्रालयका निमित्त सचिव कमलराज श्रेष्ठले मधेशमा खानेपानीको समस्याका कारण ट्याङ्करमार्फत पानी वितरण भइरहेको जानकारी दिए । ‘खानेपानी समस्या समाधान गर्न सरोकारवालासँग छलफल गरिरहेका छौँ,’ उनले भने । बिग्रिएका खानेपानी आयोजना र डिप बोरिङलाई चाँडोभन्दा चाँडो मर्मत गरेर समस्या समाधान गर्ने प्रयास भइरहेको उनको भनाइ थियो ।



# संघीय गठबन्धनको कलैयामा जनजागरण सभा

**मधेशदृष्टि**
**बारा।**
संघीय गणतान्त्रिक गठबन्धनको आयोजनामा बाराको कलैयामा एक विशाल, भावनात्मक र जनभावनाले ओतप्रोत जनजागरण अभियान अन्तर्गतको रैली, अन्तरक्रिया तथा सभा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमले केवल राजनीतिक भाषणको मञ्च नभई नेपालका सम्पूर्ण उत्पीडित जनताको जीवन्त पीडा, आशा र आकांक्षालाई उजागर गर्ने साझा थलोको रुपमा उपस्थित भएको थियो । कार्यक्रमको सञ्चालन नेपाल संघीय समाजवादी पार्टीका उपमहासचिव जनक कार्कीले गरेका थिए भने अध्यक्षता नेपाल संघीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष अनवर अन्सारीले गरे । उनको नेतृत्वमा आयोजना गरिएको यो कार्यक्रमले मधेशको राजनीतिक धड्कनलाई गहिरो रूपमा स्पर्श गरे । कार्यक्रममा मोर्चाका संयोजक नेपाल सङ्घीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष एवम् पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी, नेपाल जनजागृति पार्टीका अध्यक्ष धुपलाल निषाद, बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकर, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो लगायत पाँच दलका शीर्ष नेताहरू, केन्द्रीय सदस्यहरू, जिल्लास्तरीय नेताहरू तथा हजारौं जनताको आत्मीय सहभागिता थियो । त्यहाँ नेताहरू मात्र थिएनन्, नाराहरू मात्र थिएन, त्यहाँ थियो मधेशको भावना, उत्पीडनको इतिहास र न्यायको लडाइँ । कार्यक्रमको शुरुवात मधेश आन्दोलनका शहीदहरू हिफाजत अन्सारीकी आमा बेगन खातुन र शेख अशरफकी धर्मपत्नी शोभा राजवंशीलाई दोसल्ला ओढाएर सम्मान प्रकट गर्दै गरिएको थियो । तर, त्यो सम्मानको क्षण केही बेरमै भावनात्मक हुनुका साथै आँशुमा परिणत भयो । शोभा राजवंशीले भक्कानिँदै भनिन्, 'हामीले आफ्ना श्रीमान गुमायौं, सपना गुमायौं । हामीले सोचेका थियौं, हाम्रो बलिदानले केही बदलिन्छ । तर, यिनीहरू (नेताहरू) त सत्तामा पुगेर हामीलाई त के, आफन्तलाई पनि बिर्सिए । मधेशी जनताको सपना बेचेर कुर्सी किन्न पुगे ।' उनको आँखा रसाएका मात्र थिएन, उनको स्वरले जनताको मौन पीडालाई चिच्याएर बोलिदिएको थियो ।




त्यो क्षणले पूरै सभा भावविह्वल बनायो, र उपस्थित नागरिकहरूका आँखामा पनि आँसु झल्झलाएको थियो । नगर परिक्रमा गरिएको रैलीमा हजारौं जनताको सहभागिता थियो । तिनीहरूले बुलन्द आवाजमा भने, 'समग्र मधेस एक प्रदेश', 'भ्रष्टाचारको अन्त्य गर', 'शोषणमुक्त समाजको निर्माण गर', 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गर', 'उर्दु विश्वविद्यालय स्थापना गर', 'निषाद तथा ओबिसी आयोग गठन गर', 'मदरसा शिक्षा विधेयक पारित गर', 'मधेशी तथा उत्पीडितहरूको सेनामा सामूहिक प्रवेश सुनिश्चित गर' ।
गठबन्धनका संयोजक तथा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष एवम् पूर्वगृह राज्यमन्त्री अन्सारीले भने, 'अब यो आन्दोलन रोकिन्न । यो उत्पीडित जनताको क्रान्ति हो । हामी अब न झुक्छौं, न बिक्छौं । हामीले मधेश र नेपालका शोषित जनताको राज्यसत्ता स्थापना गरेरै छाड्नेछौ ं। २०८४ को निर्वाचन हाम्रो परीक्षण मात्र होइन, हाम्रो विजयको शुरुवात हुनेछ ।' उनले भ्रष्टाचार, बेइमानी र विभेदको विरुद्ध सम्पूर्ण उत्पीडित समुदायलाई एकीकृत संघर्षमा होमिन आह्वान गरेका छन् । बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकरले भने, 'जुन समाजमा जातीय, लैङ्गिक, धार्मिक वा क्षेत्रीय विभेद रहन्छ, त्यहाँ स्थिरता र समृद्धिको सपना सधैँ अधुरो रहन्छ । संविधान संशोधन गरेर मात्र न्याय सम्भव छ ।'
यसैगरी, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले स्मरण गराए, 'गजेन्द्र नारायण सिंहले सुरु गरेको आन्दोलन हामीले बोकेको छौं । जबसम्म धोकेबाज नेताहरू राजनीतिक रूपमा समाप्त हुँदैनन्, मधेशी जनताको मुक्तिको सपना अधुरो नै रहन्छ ।' नेपाल जनजागृति पार्टीका अध्यक्ष धुपलाल निषादले निषाद समुदायको निरन्तर उपेक्षा र संविधानमा पहिचानको अभावको विरुद्ध आवाज उठाउँदै भने, 'निषाद आयोग गठन गरियोस्, निषाद समुदायको जल, जंगल, जमिनमा अधिकार सुनिश्चित गरियोस् । हामी यो लडाइँमा अग्रपङ्क्तिमा रहन्छौं ।' यो कार्यक्रम केवल राजनीतिक सभा थिएन, यो विश्वासको पुनर्जागरण थियो । शहीद परिवारको आँसु, नेताहरूको प्रतिबद्धता र जनताको उत्साह मिलेर एउटा नयाँ यथार्थ जन्माइरहेका थिए । अब मधेशी जनताको आत्मसम्मानको पुनःस्थापना हुने छ । अब उनीहरूले इमानदार राजनीतिक विकल्प पाएका छन् ।

# कमला क्रिकेट लिगको फाइनलमा वडा नम्बर ४ र ५ भिड्दै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
झन्डै एक महिनाको प्रतीक्षापछि कमला नगरपालिकामा सञ्चालित कमला क्रिकेट लिग २०८२ को फाइनल खेल शुक्रबार हुँदैछ । लिगको प्रथम सिजन अन्तर्गत आयोजना गरिएको प्रतियोगिताको उपाधिका लागि वडा नम्बर–४ र ५ भिड्ने भएका छन् । असार २० गतेदेखि शुरु भएको प्रतियोगिता साउन २ गतेमै सम्पन्न हुने तय भएपनि निरन्तर वर्षा, खेल अवरुद्ध र आन्तरिक व्यवस्थापनसम्बन्धी कारणले फाइनल खेल पछि सारिएको हो ।
कमला युवा सञ्जालको आयोजनामा भएको लिगमा नगरपालिकाका सबै ९ वटा वडाले सहभागिता जनाएका थिए । आयोजक समितिका अध्यक्ष बिमलेश यादवका अनुसार टिम छनोट क्रिकेटको अन्तर्राष्ट्रिय नियमअनुसार नै गरिएको हो । वडा नम्बर–४ ले लिग चरणमा ६ मध्ये ४ खेलमा विजय हासिल गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो भने वडा नम्बर–५ ले एक खेल गुमाउँदै बाँकी चार जित हात पारेको थियो । वडा नम्बर–५ प्रि–सेमिफाइनलमा वडा नम्बर–२ सँग प्रतिस्पर्धा गर्दै विवादास्पद रूपमा विजयी भएको थियो । अम्पायरको निर्णयप्रति असन्तुष्टि जनाउँदै दर्शकहरू आक्रोशितसमेत बनेका थिए । सो खेलमा १६४ रनको लक्ष्य पछ्याउने क्रममा वडा नम्बर–२ का चम्किला ब्याट्सम्यान रामईश्वर यादवले १२ बलमा ४३ रन बनाएका थिए । तर, उनलाई अम्पायरले विवादास्पद रूपमा आउट दिएपछि टिम दबाबमा आयो र १३० रनमै समेटियो ।
फाइनल खेल शुक्रबार दिउँसो १२ बजे शुरु हुने आयोजकले जनाएको छ । २० ओभरको निर्धारित खेलमा विजेता टिमले २५ हजार रुपैयाँ नगद र ट्रफी प्राप्त गर्नेछ भने उपविजेता टिमलाई १५ हजार रुपैयाँ नगदसहित ट्रफी प्रदान गरिनेछ । प्रतिस्पर्धात्मक र रोमाञ्चक हुने अपेक्षा गरिएको फाइनल खेलले कमला नगरका क्रिकेटप्रेमीलाई उत्साहित तुल्याउने विश्वास गरिएको छ ।

# कर वृद्धि र श्रमशोषणको विरोधमा ज्ञापनपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको दोस्रो सदरमुकाम पोखरिया नगरपालिकामा बिहीबार कर वृद्धि र श्रमशोषणको विरोधमा ज्ञापनपत्र बुझाइएको छ । राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रीय राजनीतिक समिति सदस्य नेजामुद्दीन शमानीको नेतृत्वमा नगर प्रमुखलाई बुझाइएको ज्ञापनपत्रमा नगरपालिकाले सम्पत्ति करमा अत्यधिक वृद्धि गरेको भन्दै कडा आपत्ति जनाइएको छ । ज्ञापनपत्र अनुसार, अघिल्लो कार्यकालमा तीन सय रुपैयाँ लाग्ने दस्तुर अहिले आएर पन्ध्र सयदेखि पाँच हजार रुपैयाँसम्म पुर्याइनु आर्थिक सङ्कटमा नागरिकमाथिको अन्यायपूर्ण निर्णय भएको जनाइएको छ । त्यस्तै, नगरका जनप्रतिनिधि तथा केही कर्मचारीहरूले बेरोजगार युवाहरूमाथि श्रमशोषण गरेको आरोप पनि उक्त ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।
नियुक्तिपत्र दिने बहानामा रकम असुलेर नगर प्रहरी, विद्यालय, स्वास्थ्य चौकी र वडाकार्यालयमा उनीहरूलाई १२ महिनासम्म बिना तलब काम गराएर अन्ततः हटाइएको भनिएको छ । ज्ञापनपत्रमार्फत् चारवटा मुख्य मागहरू अघि सारिएका छन् । नियुक्तिपत्र दिने क्रममा लिइएको रकम तत्काल फिर्ता गरिनुपर्ने, कार्यरत तर तलब नपाएका कर्मचारीहरूलाई तलब–भत्ता उपलब्ध गराइनुपर्ने, बेरोजगार युवालाई प्रक्रिया पूरा गरेर नै रोजगार दिनुपर्ने र सम्पत्ति करमा गरिएको वृद्धि तुरुन्त खारेज गरिनुपर्ने लगायतका माग रहेका छन । शमानीले यदि मागहरू एक महिनाभित्र पूरा भएन भने नगरवासीलाई साथमा लिएर भण्डाफोर र संघर्षको बाटो रोज्न बाध्य हुने चेतावनी दिएका छन् ।

# एनआरएनए एनसीसी कतारको अधिवेशन आज हुने

**दोहा ।**
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) कतारको ११औँ राष्ट्रिय अधिवेशन आज हुने भएको छ ।
गैरअवासिय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद आईसीसीका अध्यक्ष बद्री केसीको प्रमुख आतिथ्यतामा आज दोहाको क्राउन प्लाजामा मध्याह्न १२ बजे एघारौं राष्ट्रिय अधिवेशनको सम्पूर्ण तयारी पुरा भएको अधिवेशन समितिका संयोजक केशव कार्कीले बताए । अधिवेशनले राष्ट्रिय समन्वय परिषद कतारको नयाँ कार्यकाल २०५–०२७ को लागि नयाँ कार्यसमिति चयन गर्नेछ । कार्यक्रम संयोजक कार्की कतारमा क्रियाशील सम्पूर्ण संघसंस्थाका पदाधिकारी, बुद्धिजीवी, समाजसेवी, पत्रकार, कलाकार, खेलाडी साथै पंजिकृत सदस्य सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई कार्यक्रममा उपस्थिति हुनका लागि अनुरोध गरेका छन् ।

# मावि गेडहीगुठीमा छात्रछात्रालाई साइकल वितरण

**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिका–२ गेडहीगुठीमा बिहीबार एक विशेष कार्यक्रमका बीच छात्र–छात्राहरूलाई साइकल वितरण गर्दै कक्षा ११ को औपचारिक शुरुवात गरिएको छ । कार्यक्रममा नगरप्रमुख कन्थमनी जयसवालले सहभागी भई छात्रछात्राहरूलाई साइकल वितरण गर्न पाएको र कक्षा ११ को औपचारिक शुरुवात गर्न पाएकोमा अत्यन्त खुशी व्यक्त गरे । उनले भने, 'शिक्षा क्षेत्रको सुधार र छात्रहरूको शैक्षिक पहुँचलाई अझ सहज बनाउन नगरपालिकाले गर्दै आएको प्रयास अन्तर्गत यो कार्यक्रम एउटा सकारात्मक पाइलाको रूपमा लिएको छु ।'



नगरप्रमुख जयसवालले यस्ता कार्यक्रमहरूले विद्यार्थीहरूमा नयाँ उत्साह र आत्मविश्वास थप्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा शिक्षा, स्वास्थ्य र विकासका क्षेत्रमा नगरपालिकाले ठोस कामहरू गर्दै जाने प्रतिबद्धता समेत दोहोर्याए । कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक मौजेलाल साहले नगरपालिकाको यो पहलप्रति आभार व्यक्त गर्दै भने, 'साइकल वितरणले दूरदराजबाट विद्यालय आउने विद्यार्थीहरूको यात्रा सजिलो बनाउनेछ । यसले विशेष गरी विपन्न वर्गका छात्रछात्राहरूलाई विद्यालयमा नियमित गराउने र पठनपाठनमा अझ सक्रिय बनाउनेछ ।' प्रधानाध्यापक साहले कक्षा ११ को शुरुवातले विद्यालयमा उच्च माध्यमिक तहको शिक्षामा नयाँ अध्याय प्रारम्भ भएको उल्लेख गर्दै विद्यार्थी र अभिभावकको भरोसालाई कायम राख्ने प्रतिबद्धता जनाए ।
कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यार्थी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# नियम मिचेर प्रधानाध्यापक नियुक्ति

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका सामुदायिक विद्यालयहरूमा नियम मिचेर प्रधानाध्यापक नियुक्त हुँदै आएको पाइएको छ । नियुक्ति प्रक्रिया विधिवत नअपनाएको, एकैजनालाई लामो समयसम्म प्रअ बनाइराख्ने र राजनीतिक तथा प्रशासनिक हस्तक्षेपमार्फत पदमा राख्नेजस्ता गम्भीर बेथिति देखिएपछि शिक्षा विकास तथा समन्वय इकाइ पर्साले हस्तक्षेप गरेको छ । शिक्षा नियमावली २०५९ (संशोधनसहित) को परिच्छेद १७, नियम ९३ अनुसार प्रधानाध्यापक नियुक्त गर्नुपर्ने व्यवस्था भए पनि जिल्लाभरका विद्यालयहरूमा यो कानुन पालना भएको देखिएको छैन । यही कारण इकाइ प्रमुख हरि राउतको नेतृत्वमा पर्साका १४ वटै पालिकालाई पत्राचार गर्दै अबदेखि नियुक्ति प्रक्रिया नियमअनुसार गर्न निर्देशन दिइएको हो । प्रधानाध्यापक नियुक्तिको विधि र शुद्धतामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रले प्रश्न उठाएपछि शिक्षा मन्त्रालयको मानव स्रोत विकास केन्द्रकी शाखा अधिकृत विजया सत्यालले साउन ७ गते निर्देशन जारी गरेकी थिइन् । त्यसको आधारमा पर्सा शिक्षा इकाइले साउन १२ गतेबाट विधिसम्मत प्रक्रिया लागू गर्न पालिकालाई आग्रह गरेको हो । शिक्षा नियमावली अनुसार एक व्यक्तिलाई पाँच वर्षभन्दा बढी एकैपटक प्रधानाध्यापकको जिम्मेवारी दिन मिल्दैन । नियुक्तिपूर्व आवश्यक परेमा विद्यालय व्यवस्थापन समितिले खुला प्रतिस्पर्धा, सिफारिस वा लिखित परीक्षामार्फत योग्य उम्मेदवार छनोट गर्नुपर्ने प्रावधान छ । तर, पर्सामा केही अपवादबाहेक सो प्रक्रिया कहिल्यै पालन गरिएको छैन ।

# सप्तरीमा पिउने पानी वितरण

**मधेशदृष्टि**
**सप्तरी ।**
गर्मी बढ्दै जाँदा खानेपानीको चरम अभाव झेलिरहेको सप्तरीमा नेपाली सेनाले पिउने पानी वितरण गरेर जनतालाई राहत दिएको छ ।
मधेश प्रदेश सरकारको सहयोगमा बरखगणबाट खटिएको नेपाली सेनाले जिल्लाको विभिन्न पालिकामा अहिलेसम्म ६६ हजार पाँच सय लिटर शुद्ध खानेपानी वितरण गरिसकेको हो । बरखगण राजविराजका गणपति प्रमुख सेनानी सोवित बहादुर चन्दले अहिलेसम्म १७ हजार दुई सय ६४ घरधुरी शुद्ध खानेपानीबाट लाभान्वित भएको जानकारी दिए । जिल्लास्थित रुपनी र राजगढ गाउँपालिका तथा राजविराज र सुरुङ्गा नगरपालिकाको वडाहरुमा खानेपानीको चरम अभाव देखिएका १५ स्थानमा बरखगणको नेतृत्वमा दमकलबाट पानी वितरण गरिएको उनले बताए ।


ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
JanakpurDham-4, Dhanusha
☎०४१-४२२६७९

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

जनकपुर अञ्चलको सबैभन्दा पुरानो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा. लि. (IHRD) जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८२/०८३को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले S.L.C./SEE पास विधार्थीहरुले आवेदन फारम भर्नुहोस् ।

तपशिल
१. फारम भर्ने अन्तिम मितिः यहि श्रावण २५ गते सम्म
२. सम्पर्क स्थानः ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि. जनकपुरधाम-४, धनुषा, सरहन्चिया कुट्टी देखि दक्षिण तर्फ पुरानो कर्मचारी संचयकोष कार्यालय नजिकै कटैया चौरी जाने बाटोमा
३. सम्पर्क नं.: 041-422679, 9846073300, 9844220968, 9807678737, 98842433810
नोटः यस इन्स्टिच्युटमा २०५२ साल देखि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको साथै २०७९ सालदेखि सामान्य चिकित्सा ३ वर्षे कार्यक्रम संचालन भइ रहेकी समेत जानकारी गराइन्छ ।
- प्रिन्सिपल


# तराई–मधेशमा 'डिपवाटर एक्फर आवश्यक....

सङ्घसंस्थाले चुरेक्षेत्रभित्र जुनसुकै बेला परेको पानीलाई भूमिगत रुपमा संरक्षण गर्नका लागि विभिन्न खालका पोखरी तथा तालतलैया बनाउन जरुरी रहेको उनले बताए । 'अहिले चुरे क्षेत्रमा पानी संरक्षण गर्ने निकै कम पोखरी रहेका छन् । ससाना गल्छीहरु बनाउनुप¥यो । विभिन्न खालका खहरे खोलाको पनि पानी रोकेर जमिनमुनि पुर्नभरण हुने व्यवस्था गर्न अपरिहार्य भइसकेको छ,' उनले भने ।
समितिका अध्यक्ष पौडेलले सहरी क्षेत्रमा आफ्नो घरवरपर अकाशे पानी पुर्नभरणको लागि आवश्यक संरचना बनाउन पनि जरुरी रहेको बताउनुभयो । 'यहाँका स्थानीय तहले नक्सापास गर्दा अनिवार्य रुपमा अकाशेपानी पुर्नभरण गर्नका लागि आवश्यक संरचना बनाउनुपर्ने खालका दीर्घकालिन नीति पनि अवलम्वन गर्न जरुरी छ,' उनले भने, 'यस्ता खालका सकारात्मक कार्यले पनि भविष्यमा पानीको संरक्षणमा महत्वपूर्ण योगदान पु¥याउनेछ ।'
अध्यक्ष पौडेलले पछिल्लो समय वीरगञ्जमा घनावस्ती र जताततै सडक कालोपत्रे भएकाले पनि प्राकृतिक रुपमा पानीको पुर्नभरण हुन नसकिरहेको बताए । 'अहिले त अकाशेपानी पनि ढलबाट हुँदै नदीमा बग्दै गइरहेको छ । त्यसैले घरवरपर पानी सोस्ने काम पनि बन्द भइरहेको छ । हाम्रो वरपर सोस्ने पानीको मात्रा पनि घटिरहेको छ । भूमिगत पानी पुर्नभरण गर्ने काममा पनि पछिल्लो समय असहयोगी हुँदै आइरहेका छौँ,' उनले भने, 'हामीले पानी संरक्षण गर्ने आनीबानीमा पनि सुधार गर्दै जानुपर्छ । घरभित्रबाटै महानगरले नक्सापास गर्दा पनि घरवरपर नै पानी सोस्ने खालको पनि वातावरण तयार पार्न जरुरी भइसकेको छ ।'
वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले पनि वीरगंज महानगरमा देखिएको पानीको संकट समाधानको लागि तत्कालिन र दीर्घकालिन योजनाको विषयमा आवश्यक काम गर्दै आइरहेको दावी गरे । 'महानगरले पानीको अल्पकालिन समाधानको लागि ट्याङ्करमार्फत पानी वितरण गर्दै आइरहेको छ,' उनले भने, 'दीर्घकालिन समाधानको लागि पनि आवश्यक काम गर्दै आइरहेका छौं ।'
ग्रिनसिटि सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले वीरगंज आसपासमा विगत लामो समयदेखि वृक्षरोपण कार्यलाई प्रथामिकता राख्दै आइरहेको बताए । 'हामीले यहाँका खाली भएका ठाउँमा नियमित रुपमा वृक्षरोपण गर्दै आइरहेका छौँ,' उनले भने, 'यसले पक्कै पनि केही समयपछि प्रतिफल दिने विश्वास लिएका छौँ ।'

# डेन्टल क्लिनिकमा फर्जी चिकित्सकको भरमा उपचार

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा सञ्चालित अधिकांश डेन्टल क्लिनिकहरूमा फर्जी चिकित्सकहरूबाट उपचार सेवा दिइएको पाइएको छ । नेपाल मेडिकल काउन्सिलको अनुगमन टोलीले बिहीबार गरेको छड्के निरीक्षणमा यस्तो तथ्य बाहिर आएको हो । नेपाल मेडिकल काउन्सिलका सदस्य तथा नेपाल डेन्टल एशोसिएशनका केन्द्रीय अध्यक्ष डा. अजयकुमार साहको नेतृत्वमा गरिएको अनुगमनका क्रममा ‘डाक्टरको बोर्ड’ झुण्ड्याएर क्लिनिक सञ्चालित गरिए पनि भित्र भने बिना योग्यताका व्यक्ति तथा टेक्निसियनहरूले विरामीको उपचार गरिरहेको भेटिएको हो ।




विशेषगरी विश्वास डेन्टल, जलेश्वर स्माइल डेन्टल केयर, शिव शक्ति मेडिकल, स्वामी श्री डेन्टल क्लिनिक र जलेश्वर डेन्टल क्लिनिकमा जनकपुरधामका प्रतिष्ठित चिकित्सकहरूको नाम झुण्ड्याइएको देखिए पनि ती चिकित्सकहरू क्लिनिकमा अनुपस्थित थिए । विश्वास डेन्टलको कार्यालय जिल्ला प्रशासन कार्यालयको गेटमै छ । त्यहाँ जनकपुरका डा. रविकुमार पाण्डेय र डा. राजिव शर्माको नाममा बोर्ड टाँसिएको छ । तर, अनुगमनका क्रममा ती डाक्टरहरू उपस्थित थिएनन् । बरु क्लिनिकका सञ्चालक दिलीपचन्द्र विश्वास स्वयंले नै विरामी जाँच गरिरहेका थिए । ‘१५ दिनदेखि यहाँ काम गरिरहेकी छु’ भन्ने डा. श्रुति साहको पनि क्लिनिकसँग कुनै लिखित सम्झौता वा नियुक्तिपत्र नभएको पाइएको थियो । मेडिकल काउन्सिलले विश्वास डेन्टलका सञ्चालकलाई सात दिनभित्र उपस्थित हुन आदेश दिएको छ । त्यस्तै, जलेश्वर स्माइल डेन्टलका सञ्चालक बिरेन्द्रकुमार चौधरी पनि डाक्टर नभएर पनि चेकजाँच गर्दैगर्दा समातिए । उनले ६ जना डाक्टर क्लिनिकमा कार्यरत रहेको दाबी गरे पनि त्यहाँ कुनै चिकित्सक फेला परेनन् । डकुमेन्टमा नाम देखिएका चिकित्सकहरू अन्यत्र कार्यरत रहेको खुलेको छ । अनुगमनको खबर पाउने बित्तिकै शिव शक्ति मेडिकल, स्वामी श्री डेन्टल र जलेश्वर डेन्टलका सञ्चालकहरू भने फरार भएका थिए । यसअघि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशभरका अस्पतालहरूमा गरिएको अनुगमनका क्रममा पनि यस्तै फर्जी गतिविधि भेटिएको थियो । केही अस्पताल तत्काल बन्द गरिए पनि स्थानीय सरकारको कमजोर निगरानीका कारण ती फेरि सञ्चालनमा ल्याइएको थियो । डा. अजयकुमार साहले फर्जी चिकित्सकका भरमा चल्ने क्लिनिकहरू विरामीको स्वास्थ्यसँग खेलवाड गर्ने माध्यम भएको बताउँदै तीव्र कारबाही प्रक्रिया अघि बढाउने प्रतिवद्धता जनाएका छन् । ‘जुन डाक्टरले काम गरिरहेका छन्, त्यही नाम हुनु पर्छ,’ उनले भने, ‘नाम अर्काको राखेर टेक्निसियनले उपचार गर्नु आपराधिक कार्य हो ।’ जलेश्वरमा दर्जनौं डेन्टल क्लिनिकहरूमा नाम चिकित्सकको भए पनि सेवा टेक्निसियनहरूले दिइरहेका छन् । यसले हजारौं सर्वसाधारणलाई ठगिएको तथा स्वास्थ्य जोखिममा पारेको भन्दै मेडिकल काउन्सिलले कडा निगरानी तथा कारबाहीको तयारी थालेको छ ।

# स्यालो ट्युबेल जडानको लागि २ बिगहा जग्गाको प्रावधान हटाउन माग

**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाका किसानहरुले कृषियोग्य खेती सिँचाइ गर्नका लागि वितरण गरिने स्यालो ट्युबेल तथा मोटर वितरणको लागि राखिएको २ बिगहा जग्गाको प्रावधान संसोधन गर्नु पर्ने माग गरेका छन् । २ बिगाहा जग्गा सिँचाइको लागि हुनु पर्ने गरिएको व्यवस्थाले सामान्य परिवारका किसानहरू बन्चित हुने भएकोले संसोधनको माग उठ्न थालेको हो । सुखा खडेरी परेको बेला जिल्ला कृषि ज्ञान केन्द्र रौतहटले सुचना जारी गरेपछि यस्तो अवाज उठिएको छ । राजदेवी नगरपालिका वडा नम्बर–७ का विजय यादवले मधेश प्रदेश सरकारले भूमिगत सिँचाइ व्यवस्थापनको लागि दिन लागेको अनुदानको स्यालो ट्युबेलबाट सम्पन्न किसान बढी लाभान्वित हुने बताएका छन् । २ बिगाहा जग्गा हुने भएकोले सो सुविधा पाउने निश्चित भएकोले वास्तविक किसान बन्चित हुने उनको तर्क छ । अर्का किसान विजेश्वर यादवले भने, ‘हामीसंग १० कट्ठा जग्गा भएकोले त्यो सुविधा पाउन सकिदैन, सुधार गर्नु पर्छ ।’ २ बिगाहा सम्मको जग्गा हुनु पर्ने व्यवस्था गरिएमा सामान्य परिवारका किसानले सुबिधा पाउन सकिने उनको भनाइ छ ।

जिल्ला कृषि ज्ञान केन्द्रले साउन १३ मा सार्वजनिक गरेको ७ दिने सुचनामा स्यालो ट्युबेल जडान तथा मोटर वितरण कार्यक्रमको लागि इच्छुक किसानले २ बिगहा जग्गाको लालपुर्जा पेश गर्नु पर्ने उल्लेख गरिएको छ । प्रत्येक बर्ष वितरण हुँदै आएको स्यालो ट्युबेल सम्पन्न किसानले पाउने गरेको हुँदा यस पाली पनि गतवर्ष लिएकाहरुले पुनः लिने आशंका सर्बसाधारणको रहेको छ । ज्ञान केन्द्रका प्रमुखको मिलोमतोमा अनियमितता हुने गरेकोले वास्तविक किसानले लाभ लिनु पर्ने जोड स्थानीय किसान बिनोद यादवको रहेको छ ।

पार्टी, मन्त्रीको कार्यकर्ताले बढी फाइदा लिएको विगतको कार्यशैली रहेकोले यस बर्षमा त्यस्तो नहोस भने निगरानी गर्न सम्बन्धित निकायलाइ आग्रह गरिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका रौतहट जिल्ला सदस्य बिक्रान्त बिक्रम नेपालले सरकारको नीतिगत भ्रस्टाचारको आधार रहेको टिप्पणी गरेका छन् । उनले धनि किसानलाइ नै सुविधा दिने र गरिव किसानलाइ बञ्चित गर्ने नीति अनुरुप २ बिगहा जग्गाको प्रावधान राखिएको आरोप लगाउँदै सबैले पाउने गरि व्यवस्था गर्न समेत माग गरे । नेपाली कांग्रेस, नेकपा एमालेको सरकारले नीतिगत भ्रस्टाचार गर्ने दाउमा सँधै रहने गरेकोले वास्तविक किसान पिडामा पर्नु स्वाभाविक हुने कटाक्ष गरे । भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेश सरकारका प्रवक्ता डाक्टर सरोज चौधरीले २ बिगाहा जग्गा सिँचाइ हुन सक्ने उदेश्यले नै यो प्रावधान गरिएको बताए । उनले एक जना किसानको त्यति जग्गा नपुगेमा अन्य किसानको जग्गा धनि प्रमाण पुर्जा राख्न सकिने बताए । संसोधन गर्न सकिने कि भन्ने प्रश्नको जवावमा उनले कम जग्गाको प्रावधान गरे आपूर्ति गर्न नसकिने बताए । अहिले मधेशमा संकटको अवस्था उत्पन्न भएकोले तत्काल राहतको लागि डिप बोरिङ्ग र स्यालो ट्युबेल जडान कार्य अगाडी बढाइएको जनाए । उनले दोहरिएको खण्डमा अनुगमन समेत गरि कार्यवाही गरिने जानकारी दिए ।

# पाँच हजार भन्दा बढी पीडित परिवारहरु फेरी आन्दोलनमा जाँदै

**मधेशदृष्टि**
**सप्तरी ।**
लालपूर्जा पाउने आशामा झण्डै ६५ वर्षदेखी संघर्षरत ब्लक र बिटौरी जग्गामा बसोवास गर्दै आएका राजविराजका पाँच हजार भन्दा बढी पीडित परिवारले फेरी आन्दोलन चर्काउने भएका छन् । बिहीबार संघर्ष समितिका संयोजक इरसाद अन्सारी, वार्ता टोलीका सदस्य दिपे
न्द्र चौधरी, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालसहितको
अगुवाईमा बसेको बृहत भेलाले वर्षौंदेखी लालपूर्जाको प्रतिक्षामा रहेका नगरवासीको उक्त माग पुरा गराउन आन्दोलनको विकल्प नरहेको ठहर गर्दै आन्दोलन चर्काउने निर्णय गरेको हो । यसअघि आन्दोलनका क्रममा गत फागुन १८ गते नगरपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा भएको सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै बैठकले फेरी आन्दोलनमा जाने निर्णय गरेको राजविराज नगरवासी पीडित संघर्ष समितिका संयोजक अन्सारीले जानकारी दिए ।
‘यसअघि सम्बन्धित निकाय र राजनीतिक दलका प्रतिनिधि समेत राखेर १५ दिनको समयसीमा तोकेर समाधान खोज्ने भनि भएको प्रतिबद्धता र सहमति नगरपालिका र स्थानीय प्रशासनबाट कार्यान्वयन हुन सकेन, ‘संघर्ष समितीका संयोजक अंसारीले भने, ‘बाध्य भई फेरी आन्दोलनमा जाने निर्णय गरेका छौ ।’ सप्तरी उधोग बाणिज्य सघले आन्दोलन परिचालन र व्यवस्थापनका लागि ५१ हजार रुपैयाँ संघर्ष समितिको कोषमा जम्मा गरेको उनले जानकारी समेत दिए । बैठकले वार्ता समितिका सदस्य दिपेन्द्र चौधरीको संयोजकत्वमा ७ सदस्यीय आन्दोलन परिचालन उपसमिती तथा विन्देश्वर प्रसाद साहको संयोजकत्वमा ७ सदस्यीय आर्थिक संकलन समिति समेत गठन गरेको छ ।
सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवालले आर्थिक मन्दिको मार खेपीरहेका नगरका उद्योगी व्यवसायीहरु ब्लक र बिटौरी जग्गाको लालपुर्जा पाउन नसक्दा थप मारमा परेको बताए । ‘जग्गाबापत नगरपालिकाबाट पाएको रसिदका आधारमा नगर स्थापनाकाल देखी नै बसोवास गर्दै आएका नगरवासी विगतमा समस्या परेका बेला सोही रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थाामा धितो राखी ऋण कर्जा लिएर व्यपार व्यवसाय र अन्य समस्या समाधान गर्थे,’ उनले भने, ‘हाल विगत ८ वर्षदेखी सो सेवा सुविधाबाट बन्चित गराइए पछि यहाँको ब्यापार व्यवसाय पनि चौपट बन्दै गएको छ ।’
उनले नगरको ब्लक, बिटौरी र सडक मापदण्ड लगायत जग्गाको लालपुर्जा लामो समयदेखी वितरण नहुँदा उद्योगी व्यवसायी मारमा परेको, भाडाका कतिपय सटरहरु धमाधम खाली हुन थालेको, कतिपय व्यवसायीले आत्महत्या गरेको र धेरै उद्योगी व्यवसायी पलायन भएको भन्दै माग पुरा नभएसम्म अब हुने आन्दोलन नरोकीने बताए । जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साहले २०१६ सालमा राजविराज नगरपालिका स्थापना भएको कालदेखी नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँका करिब ७० विगहा क्षेत्रफलमा बसोवास गर्दै आएका ५ हजार २ सय परिवार जग्गाधनी पुर्जा पाउनबाट बन्चित रहेको भन्दै अब आन्दोलन चर्कोउनुको विकल्प नरहेको बताए । यस अघि बजार बन्द, कालो झण्डा झुण्ड्याउने, नापी र नगरपालिका कार्यालयमा धर्ना र मुख्य चौकमा हस्ताक्षर अभियान चलाउँदा पनि माग पुरा गर्ने आश्वासन बाहेक केही नपाइएको संघर्ष समितिका संयोजक अंसारीको भनाई छ ।
उनले अब हुने आन्दोलनका कार्यक्रम र स्वरुप फरक तथा थप सशक्त ढंगको हुने भन्दै २÷३ दिन भित्रै आन्दोलनका नयाँ कार्यक्रम घोषणा हुने जानकारी दिए । स्थानीय, प्रदेश र प्रतिनिधीसभा निर्वाचनका बेला नगरको उक्त समस्या सबै राजनितीक दलको चुनावी एजेण्डा बन्ने गरे पनि निर्वाचन सकिए पछि बिर्सिने गरेको नगरवासीको गुनासो छ ।

# सिँचाइ समस्याबारे मन्त्रीलाई ध्यानाकर्षण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा उत्पन्न सिँचाइ तथा खानेपानीको समस्याबारे नेपाली कांग्रेसका जनप्रतिनिधि तथा नेता कार्यकर्ताहरुले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवलाई ध्यानाकर्षण गराएका छन् । गत केही दिनदेखि मधेशका विभिन्न जिल्लामा सिँचाइ र खानेपानी अभावले जनजीवन कष्टकर बन्दै गएकाले तत्काल समस्या समाधान गर्न माग गर्दै बिहीवार नेपाली कांग्रेसका सह—महामन्त्री महेन्द्र यादवको नेतृत्वमा कांग्रेस आबद्ध जनप्रतिनिधि तथा नेता कार्यकर्ताहरु सहितको डेलिगेशन टोलीले मन्त्री यादवलाई ध्यानाकर्षण गराएका हुन् । सह महामन्त्री यादवले मधेश प्रदेशका जिल्लाहरुमा विकट समस्या उत्पन्न भएकाले तत्काल सिँचाइ तथा खानेपानीको उपलब्ध गराउनुका साथै सबै ठाउँमा नयाँ बोरिङ जडान हुन नसकेपनि गत वर्षमा जडान भएका वा पुराना रहेका अधुरा बोरिङहरुलाई चालु गराउन माग गरे । टोलीमा सहभागी प्रदेश सांसद कुमरकान्त झाले सुख्खा र खेडरीले अन्नको भण्डार भनिने मधेश प्रदेशमा चरम संकट उत्पन्न भएको छ । समयमै यसको समाधान गरिएन भने आम जनता खाना र पानीका अभावमा मर्ने अवस्था आउन सक्छ । त्यसको दृष्टिगत गर्दै प्रदेश सरकारले तत्कालै ठोस कदम चाल्न जरुरी छ । बैठकमा सहभागी प्रदेश सरकारका तर्फबाट मन्त्रालयका निमित्त सचिव रामकुमार खंगले मधेश सरकारसँग पर्याप्त बजेट अभाव र अर्थमन्त्रालयबाट रकम आउन नसकेको कारण तत्काल समस्या समाधान गर्न नसकिरहेको जानकारी गराउँदै अर्थमन्त्रालयबाट रकम आउनेबित्तिकै सकेसम्म समस्या समाधान गरिने प्रतिबद्धता जनाए । साथै उनले संघीय सरकारले घोषणा गरेको ५ सय बोरिङ जडानको प्याकेज आउनबित्तिकै काम धमाधान शुरु गरिनेछ । अधुरा योजनाहरु बारे टोलीमा सहभागीहरुले राखेको कुरामा सचिव खंगले संघीय सरकारको ३७१ वटा खानेपानीको आयोजना अधुरो रहेको छ । तर, कम बजेट पठाएको कारण सबै सम्पन्न गर्न सक्ने अवस्था नरहेको जनाएका थिए । टोलीमा सहभागीहरुको कुरा सुन्दै मन्त्री यादवले भने हामी तयारी अवस्थामा छौं । अर्थमन्त्रालयले रकम पठाए लगतै सकेजति बोरिङ जडानको कार्य शुरु गर्नेछौं । अर्थमन्त्रालयले रकम नपठाएपनि उत्पन्न खानेपानी समस्याको दृष्टिगत तत्काल खानेपानी डिपबोरिङ जडानको कार्य थालेका छौं । तर, यसले समस्या समाधान हुने अवस्था छैन । प्रदेश सरकारबाट जडान गरिएका बोरिङहरु पनि अधुरा अवस्थामा रहेकोबारे मन्त्री यादवले भने, ‘गत वर्ष अर्थमन्त्रालयबाट ढिलो गरी रकम पठाएकाले धेरै बोरिङहरु अधुरै रहन गएको हो । तर, रकम चाहिं जति काम भएको छ त्यतिकै नै भुक्तानी गरेका छौं । गत वर्षका र पुराना अधुरा योजना पुरा गर्न अनुगमन टोली खटाइ सकेकाछौं । अर्थमन्त्रालयबाट रकम आए लगतै पहिला त्यसलाई प्राथमिकतामा राखि काम अघि बढाउनेछौं ।’ सो डेलिगेशन टोलीमा सहमहामन्त्री यादव र प्रदेश सांसद झासंगै अर्का प्रदेश सांसद अञ्जु पण्डित, मिथिला नगरपालिकाका मेयर महेन्द्र महतो, मिथिला नगरपालिकाका वडाध्यक्षहरुसहित नेपाली कांग्रेसका नेता श्याम यादव, मदन घिमिरे लगायतका दर्जनौ नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# सभामुखले गरे कालोपत्रे योजनाको शिलान्यास

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले धनुषा जिल्लाको धनुषाधाम नगरपालिका–६ मालटोलमा एक निर्वाचन क्षेत्र ५ किलोमिटर सडक कालोपत्रे योजनाको शिलान्यास गरेका छन् । सभामुख मण्डलले बिहीबार एक औपचारिक कार्यक्रमबीच सो सडकको शिलान्यास गरेका हुन् । यस परियोजनाले मालटोल क्षेत्रको यातायात सुविधामा सुधार ल्याउनुका साथै स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ । यस योजनाले स्थानीय बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ । कालोपत्रे सडक निर्माण भएपछि आवतजावत सहज हुने र कृषि उत्पादनलाई बजारसम्म पुर्याउन किसानहरूलाई सहज हुने स्थानीयले बताएका छन् । शिलान्यास कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरू, विभिन्न सामाजिक अगुवाहरू, राजनीतिक दलका प्रतिनिधिहरू रस्थानीय बासिन्दाको उपस्थिति रहेको थियो

# ब्राउन सुगरसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा ठूलो परिमाणमा लागुऔषध ब्राउन सुगरसहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा बाराको विश्रामपुर गाउँपालिका वडा नम्बर–१ घोडासनहका २२ वर्षीय अजमुल हक अन्सारी रहेका छन् । उनको साथबाट ब्राउन सुगर १४७ ग्राम १८० मिलिग्राम बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । इलाका प्रहरी कार्यालय प्रसौनीबाट प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठको नेतृत्वमा खटिएको प्रहरी टोलीले ब्राउन सुगरसहित अन्सारीलाई बाराको फेटा गाउँपालिका वडा नम्बर–१ भलुहीबाट पक्राउ गरेको हो । बाराका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार कलैयाबाट प्रसौनीतर्फ पैदल आउँदै गरेका अन्सारीलाई शंका लागेर प्रहरीले खानतलासी गर्दा उनको साथबाट प्लाष्टिकको पुडियामा लुकाएर राखिएको १४७ ग्राम १८० मिलिग्राम ब्राउन सुगर फेला परेको हो । भारतबाट ब्राउन सुगर लिएर आउँदै गरेको अवस्थामा अन्सारीलाई बुधबार अपरान्ह पक्राउ गरिएको पण्डितले बताए । अन्सारीलाई जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।

## सम्पादकीय

# त्रिकोणात्मक अन्धो प्रेम र हत्या शृंखला

*जिल्ला प्रहरी कार्यालय धनुषाले १५ वर्षीया किशोरी अञ्जली कुमारी यादवको हत्या आरोपी पक्राउ गरेर सार्वजनिक गरेको छ । क्षीरेश्वरनाथ नगरपालिका–९ इच्छापुरका ३५ वर्षीय रामबाबु साहलाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको हो । धनुषाकै बटेश्वर गाउँपालिका–५ घर भई जनकपुरधाम उपमहानगरपालिका–४ कटैयाचौरीस्थित डेराको कोठामा बस्दै आएकी १५ वर्षीया अञ्जलीको सोमबार राती खुकुरी प्रहार गरी हत्या गरिएको घटनामा साह आरोपी हुन् । साहलाई बुधबार राति करिब साढे १० बजे क्षीरेश्वरनाथ नगरपालिका–९ बाट पक्राउ गरिएको हो । रामबाबु यसअघि श्रीमतीको हत्या गरी पाँच वर्ष जेल सजाय काटेर २०७७ सालमा रिहा भएका पात्र हुन् । साहले सोमबार राति खुकुरी प्रहार गर्दा अञ्जलीको मृत्यु भएको थियो भने अञ्जलीकी आमा ३५ वर्षीया आशा यादव र मिथिला नगरपालिका–१ ढल्केवर बस्ने होविन्द्र यादवको १४ वर्षीया छोरी आशा यादव घाइते भएका छन् । आशाको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । अवस्था गम्भीर छ । आशा रामबाबुकै प्रेमी रहेको र उनकै कारण घटना भएको प्रहरीको अनुमान र अनुसन्धान छ ।*

*साह सजाय काटेर रिहा केही महिनापछि दोस्रो विवाह गरेर गाउँमै बस्दै आएका थिए । मदिरा पसल सञ्चालन गरेकी आशासँग उनको चिनजान भइ प्रेम सम्बन्ध गाँसिएको अनुसन्धानमा देखिएको छ । आशाको श्रीमानलाई दुवैजनाको सम्बन्धबारेमा थाहा भएपछि दुवै पक्ष बसेर गाउँमा छलफल गरी आशालाई रामबाबुको जिम्मा लगाउने सम्झौता पनि भएको थियो । आशाको शुरुमा आर्थिक अवस्था कमजोर रहेकामा पछि आर्थिक अवस्था सुध्रिँदै जाँदा रामबाबुसँग टाढिन थालेको र पूर्व श्रीमानसँग नजिकिन थालेपछि रामबाबुले हत्या गरेको प्रहरी समक्ष बयान दिएका छन् । यसरी त्रिकोणात्मक प्रेम अपराधमा परिणत हुँदा निहत्था दुई नागरिकले पनि मृत्यु र घाउचोट सहनु परेको छ ।*

# मधेशमा सङ्कटसँगै बढ्यो सुनकोशी मरिणको औचित्य



**हिमाल लम्साल**

मुलुकको अन्न भण्डारको रुपमा परिचित तराई–मधेश अहिले सुक्खाग्रस्तको सङ्कटबाट गुज्रिरहेको छ । पर्याप्त मात्रामा अकासेपानी नपरेपछि यहाँका कतिपय जिल्लामा धानको रोपाइँ हुन सकिरहेका छैनन् । रोपाइँ भएका ठाउँमा पनि अत्यधिक चर्को गर्मीले रोपो जोगाउन समेत यहाँका कृषकलाई धौधौ परिरहेको छ । अर्कोतर्फ रोपिएका खेत मनै दुख्ने गरी धाँजा फाटेका दृश्यले कृषकहरुको मन कुँडिदै आइरहेको दृश्य पनि सामाजिक सञ्जालमा यत्रतत्र देखिँदै आइरहेका छन् ।

मधेश प्रदेश कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादवले अघिल्लो वर्षमा साउनको दोस्रो सातासम्म मधेश प्रदेशमा ८३ प्रतिशतभन्दा धेरै धान रोपाइँ हुने गरे पनि यो वर्ष भने गत शुक्रबारसम्म ५१ प्रतिशत क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको बताए । 'अहिले तराई–मधेशमा सुक्खायामका कारणले धान रोपाइँ निकै प्रभावित भइरहेको छ । कतिपय ठाउँमा धानका रोपो सुकेर हेर्नै नसक्ने अवस्थाबाट गुज्रिरहेका छन्,' उनले भने, 'धानको खेत अहिले धाँजा फाटेर रोपो सुकिरहेको दृश्य देखिएको छ । यस्तो खालको सङ्कटले समग्रमा तराई–मधेशमा धान उत्पादनमा समेत ठूलो असर पार्ने देखिन्छ ।'

निर्देशनालयका अनुसार मधेश प्रदेशमा आठ जिल्लामा धान रोपाइँ हुने तीन लाख ७२ हजार ६ सय ४५ हेक्टरमध्ये हालसम्म भने ५१ अर्थात् एक लाख ९३ हजार १ सय १६ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत यादवले रोपाइँ भएका कतिपय ठाउँका खेत सुकेर धाँजा फाटेको बताए । 'धान रोपाइँ भइसकेका खेतमा पनि धाँजा फाट्ने क्रम जारी छ,' उनले भने, 'मधेश प्रदेशमा सिँचाइको चर्को अभावले पनि दीर्घकालीन खालको सिँचाइको आवश्यकता देखिएको छ ।'

निर्देशनालयका अनुसार धनुषामा धान रोपाइँ हुने क्षेत्रफलमध्ये ३५ प्रतिशत, महोत्तरीमा ३५ दशमलव १२, सर्लाहीमा ५६, रौतहटमा ६८ र बारा जिल्लामा भने ८० प्रतिशत धान रोपाइँ भएको छ । वरिष्ठ बागवानी विकास अधिकृत यादवले तराई–मधेशका खेतहरु धाँजा फाट्न थालेसँगै मधेश प्रदेशकै लागि लक्षित गरेर निर्माणाधीन सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अपरिहार्यता र औचित्य झनै बढेको बताउँछन् । 'तराई–मधेशका पाँच जिल्लालाई सिँचाइ गर्ने योजनासहित अघि सारिएको आयोजनाको आवश्यकता झनै बढिरहेको छ,' उनले भने, 'तराई–मधेशका पाँच जिल्लामा देखिएको सिँचाइको समस्यालाई सो आयोजनाले परिपूर्ति गर्ने विश्वास लिएका छौँ । तर, अहिलेसम्म पनि सो आयोजना निर्माणको गति भने सुस्त रहेको सुन्नमा आएको छ ।'

बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी पनि तराई–मधेशमा सुक्खाग्रस्त भएसँगै सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अपरिहार्यता झनै बढेको बताए । 'तराई–मधेशमा विगत तीन वर्षदेखि वर्षायाममा पनि पर्याप्त अकासेपानी पर्न सकिरहेको छैन,' उनले भने, 'सुनकोशी मरिण डाइभर्सन आयोजना सञ्चालन भएर आएको खण्डमा धेरै हदसम्म सहज र व्यवस्थित हुने थियो ।' अधिकारीले तराई–मधेशका पाँच जिल्लाको सिँचाइको दीर्घकालीन समाधान गर्ने भएकाले पनि सुनकोशी मरिण आयोजना निर्माणमा ढिलासुस्ती गर्न नहुने बताए । सरकारले २०७३–७४ सालमा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामार्फत तराई–मधेशका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारासहितको पाँच जिल्लाको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने प्रमुख उद्देश्यसहित आयोजना अघि सारेको थियो । सो आयोजनाअन्तर्गत कमलामाई–२ कुसुमटारदेखि सुनकोशी–७ कानढुङ्गीसम्म १३ दशमलव तीन किलोमिटर शुरुङ तयार पारेर पावर हाउसको टेलरेसबाट निस्केको ६७ हजार प्रतिसेकेन्ड पानी मरिण नदीमा खसाली वाग्मती नदी हुँदै मधेशका पाँच जिल्लामा सिँचाइ सुविधा अघि बढाउनेगरी योजना अघि बढाएको थियो । कृषकका खेत–खेतमा सिँचाइ भने वाग्मती सिँचाइ आयोजनामार्फत अघि बढाइनेछ ।

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाको शुरुङ निर्माण र बाँध निर्माणका लागि छुट्टाछुटै बोलपत्र आह्वान गरिएको थियो । सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाका निर्देशक बद्री कार्कीले सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध निर्माणको काम निकै सुस्त गतिमा भइरहेको बताए । 'आयोजनाको शुरुङ निर्माणसम्पन्न भएको पनि १५ महिना बितिसक्यो । तर, बाँध निर्माणको काम भने धिमा गतिमा चलिरहेको छ । निर्माण कम्पनीको ढिलासुस्ती र आलटालका कारणले बाँध निर्माणको कार्यले गति लिन सकिरहेको छैन ।' उनले भने, 'अहिलेकै गतिको निर्माणले यो आयोजना सम्पन्न गर्न वर्षौं लाग्न सक्छ ।'

आयोजनाको हेडवक्र्स (बाँध)सहितको संरचना निर्माण गर्ने ठेक्का रमण कन्स्ट्रक्सन–पटेल इन्जिनियरिङ लिमिटेड संयुक्त उपक्रम (जेभी) ले पाएको थियो । सो जेभी कम्पनीले भ्याटबाहेक १२ अर्ब ५१ करोड ४० लाख ७९ हजार ४३ रुपैयाँ लागतमा ठेक्का कबोल गरेको थियो । आयोजनाको हेडवक्र्स निर्माणका लागि ११ वटा कम्पनीले प्राविधिक मूल्याङ्कनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतिस्पर्धा गरेका ११ वटा कम्पनीमध्ये नौवटा कम्पनी प्राविधिक मूल्याङ्कनमा छनोट भएका थिए । छनोट भएका नौमध्ये पाँच कम्पनीले मात्रै आर्थिक प्रतिस्पर्धामा सहभागिता जनाएका थिए । तीमध्ये सबैभन्दा कम लागत पेस गर्ने कम्पनी रमण–पटेल जेभी छनोट भएको थियो । रमण–पटेल जेभीले आयोजनाको हेडवक्र्स, मेकानिकल र सिभिल लगायतको संरचना निर्माणका लागि अनुमानित लागतभन्दा ३२ प्रतिशत कम रकम कबोल गरेर ठेक्का हात पारेको हो । तर, अहिले सोही कामले अपेक्षाकृत काम गर्न नसकेर सिँचाइ आयोजनालाई रुग्ण आयोजना बनाउने प्रयास गर्दै आइरहेको छ । आयोजनाका अनुसार अहिले बाँध निर्माण शुरु भएको ३० महिनाको अवधिमा मुस्किलले १० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ ।

कानढुङ्ग्रीस्थित सुनकोशी नदीमा ३० मिटर उचाइ र १५८ मिटर लम्बाइको बाँध निर्माण गरी शुरुङमार्फत पानी कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । आयोजना निर्देशक कार्कीले आयोजनाको बाँध निर्माणको काम सन्तोषजनक नभएको जानकारी दिए । 'गत आवको असोज १२ गते आएको बाढीपहिरोपछि आयोजनाको बाँध निर्माणको गति अत्यन्तै सुस्त गतिमा भइरहेको छ,' उनले भने, 'हामीले सरसर्ती हेर्दा निर्माण कम्पनीले पर्याप्त मात्रामा स्रोतसाधनको मुबिलाइजेसन गर्न नसक्दा पनि कामले गति लिन सकिरहेको छैन । निर्माण कम्पनीले अनेक बाहानबाजी गरेर काम गरिरहेको छैन ।'

आयोजना निर्देशक कार्कीले निर्माण कम्पनीले आयोजनासँगको छलफलका क्रममा भने बाढीपहिरोको कारणले पहुँचमार्गमा क्षति हुँदा पनि काम अघि बढाउन नसकेको बताउने सुनाए । 'आयोजनाका तर्फबाट यही निर्माण कम्पनीबाट आयोजनाको बाँध निर्माणको काम अपेक्षाकृत ढङ्गले हुन नसकेपछि जलस्रोत तथा सिँचाइ विभाग र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पनि आवश्यक पत्राचार गरिसकेका छौँ,' उनले भने, 'जुन काम गर्ने हिउँदेयाममा त काम भएन भने अहिले वर्षायाममा काम हुने कुरै भएन नि !' निर्माण कम्पनीले ठेक्काको परिचालन खर्चबापत एक अर्ब १२ करोड रकम भुक्तानी लिइसकेको छ । निर्माण कम्पनीले निर्माणको ३० महिने अवधिमा आठवटा बिल पेस गरेर थप करिब ९१ करोड रकम भुक्तानी लिएको आयोजना निर्देशक कार्कीले जानकारी दिए ।

**सुरुङ तयार भइसक्यो, बाँध अनिश्चित !**

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण र बाँध निर्माणका लागि छुट्टाछुटै बोलपत्र आह्वान गरिएको थियो । आयोजनाअन्र्तगत कमलामाई–२ कुसुमटारदेखि सुनकोशी–७ कानढुङ्गीसम्म १३ दशमलव ३ किलोमिटर सुरुङ 'टनेल बोरिङ मेसिन' (टिबिएम) प्रयोग गरेर खन्न थालिएको थियो । यो आयोजनाको सुरुङ खन्ने ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना ओभरसिजसँग सन् २०१९ मे महिनामा ठेक्का सम्झौता भएको थियो ।

ठेक्का सम्झौता अनुसार सन् २०२५ को अगष्ट अर्थात ५२ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । तर, चिनियाँ कम्पनीले सुरुङमार्ग तोकिएको समयसीमा भन्दा अगावै अर्थात २०८१ वैशाख २६ गते 'ब्रेक थ्रु' अर्थात सुरुङ खन्ने काम सम्पन्न गरेको थियो । सुरुङ खन्न भने भ्याटबाहेक १० अर्ब पाँच करोड ६८ लाख खर्च रुपैयाँ गरिएको थियो । यो सुरुङमार्ग ५.५ व्यास मिटरमा खनिएको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सुरुङ छिचोल्ने दिन सोही कार्यक्रममा समेत सहभागिता जनाएका थिए ।

सुरुङ तयार भएको १५ महिना बितिसक्दा पनि आयोजनाको मुख्य काम अर्थात बाँध निर्माणको काम भने अन्यन्त कछुवा गतिमा भइरहेको छ । सरकारले यो आयोजना सम्पन्न गर्नका लागि कुल लागत अनुमान ४६ अर्ब १९ करोड ३९ लाख रुपैयाँ छ ।

**यस्तो छ आयोजनाको फाइदा**

२०७६ माघ ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन २० गते आयोजनाको शिलान्यास गर्नुभएको थियो । आर्थिक वर्ष २०८४–७५ सम्म आयोजना सम्पन्न गरी मधेश प्रदेशको बागमती सिँचाइ आयोजनाबाट हाल ४५ हजार छ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गइरहेकामा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको पावर हाउसको टेलरेसबाट निस्केको ६७ हजार प्रतिसेकेन्ड पानी मरिण नदीमा खसाली धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाहरुको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरी सिँचाइ सुविधा पुऱ्याउने प्रमुख उद्देश्य रहेको छ । यो आयोजनाबाट ३१ दशमलव ०७ मेगावाट जलविद्युत् समेत उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

'वर्षैभरि नै सिँचाइ सुविधा पुगी कृषि एवम् नगदेबालीको उत्पादन र उत्पादकत्व वृद्धि भई आत्मनिर्भर अर्थतन्त्रमा सघाउ पुग्ने विश्वास लिइएको छ' आयोजना निर्देशक कार्कीले भने, 'सतह र भूमिगत जलस्रोतको संयोजनात्मक रुपमा उपयोग गरी उर्बर भूमिबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी हाल कृषिमा भएको आयातको असन्तुलन कम गर्न पनि मद्दत पुग्ने विश्वास गरिरहेको छ ।'

आयोजनाका अनुसार यो सञ्चालनमा पछि पनि सुनकोशी र तामाकोशी क्षेत्रमा बसोबास गर्ने जनसंख्याको पनि बहुआयामिक विकास हुने लक्ष्य राखिएको छ । यस क्षेत्रमा माछापालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको पनि उल्लेख्य वृद्धि हुनका साथै मनोरञ्जन तथा ताल–जलाशयमा पर्यटन व्यवसाय समेत फस्टाउने आयोजनाले जनाएको छ । रासस

# मधेशको खडेरीः सम्भव छ क्लाउड सिडिङ ?

**अशोक दाहाल**

यो वर्ष आधा मात्रै धान रोपाइँ भएको मधेशमा खडेरीका कारण धानको बेर्ना पनि सुकेर जाने अवस्था भएपछि सरकारले मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । विगतका वर्षहरूको तुलनामा यो बर्खा याममा यो क्षेत्रमा करिब ४६ प्रतिशत मात्रै वर्षा हुँदा रोप्न ठिक्क गरिएको धानको बीउ समेत सुक्न थालेको तथा इनार र बोरिङ पनि सुकेर खानेपानीको समेत हाहाकार हुने स्थिति सृजना भएको अधिकारीहरूले बताएका छन् ।

'जमिनमाथिबाट जाने पानीमा क्षयीकरण आएका कारण भूमिगत पानी पनि सुकेको हामीले पायौँ,' अध्ययनका लागि मधेश पुगेर फर्किएका सिँचाइ मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्य भन्छन् । जलाधार विज्ञ मधुकर उपाध्याका अनुसार मधेशको खडेरीले विज्ञानको पूर्वानुमानलाई पनि चुनौती दिएको छ । यो वर्ष धेरै वर्षा हुने पूर्वानुमानका बाबजुद पनि मधेशमा सुक्खा देखिएका कारण कतिपय मौसमी गतिविधिहरू पूर्वानुमानबाहिर जान थालेको उनी बताउँछन् ।

'एउटा चाहिँ मनसुन उत्तरतिर सर्दै गएको छ । तिब्बततिर बढी पानी पर्न थालेको छ र गङ्गाको जलाधार क्षेत्र चाहिँ सुक्खा हुँदै गएको छ,' उनी भन्छन्, 'दोस्रो चाहिँ सबै महादेशहरूबाट जमिनको सतहमा हुने पानी घट्दै र निखारिँदै गएको छ ।' मूल र खोलाहरू सुकेका घटनाले पनि त्यसको पुष्टि हुने उपाध्या बताउँछन् ।

सन् २०२२ मा प्रकाशित राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण प्रतिवेदनका अनुसार ७८ प्रतिशत घरधुरीले खोला तथा खोल्साहरूमा र ५५ प्रतिशत घरधुरीले पँधेरो तथा कुवामा पानी घटेको बताएका थिए । प्रतिवेदन अनुसार खोला तथा खोल्साहरूमा पानीको मात्रा बढेको बताउने घरधुरी १.३ प्रतिशत र पँधेरो तथा कुवामा पानी बढेको बताउने १ प्रतिशत मात्रै थिए ।

प्रतिवेदनले त्यसको असर पारिस्थितिक प्रणाली, कृषि र जीविकाका विभिन्न पक्षमा देखिने औँल्याएको छ। प्रतिवेदनअनुसार धेरैजसोले पछिल्लो २५ वर्षमा अपर्याप्त वर्षा, बढ्दो खडेरी, सडक निर्माण, वन फँडानी र सहरीकरणका कारण पानीका स्रोतहरू सुक्दै गएको बताएका थिए ।

'त्यसले मूलदेखि तराईसम्मै पानी सुकेको रहेछ भन्ने देखाउँछ,' उपाध्या भन्छन्, 'जलाधारभित्र पानीको सञ्चय हुने सम्भावना पनि विभिन्न कारणले कम हुँदै गएको छ ।'

जलाधार पुनर्भरणका परम्परागत मार्गहरू टालिएका कारण पनि वर्षाको पानी जमिनमुनि सोसेर राख्ने क्रम कम भएको विज्ञहरूले बताएका छन् । उपाध्याका अनुसार विश्वव्यापी तापमान वृद्धिका कारण पनि जमिनमा भएको पानी सुक्ने र हावामा पानीका कण कम हुँदै जाने अवस्था निम्तिएको छ । वर्षाका लागि अत्यावश्यक बादल बन्ने प्रक्रिया नै घट्नु पनि कारण रहेको हुन सक्ने विज्ञहरूले बताउने गरेका छन् ।

एक सरकारी अध्ययन कार्यदलका अनुसार नहर सिँचाइ तथा बोरिङको सहयोगमा मधेश प्रदेशमा साउन ११ गतेसम्ममा करिब ५१ प्रतिशत मात्रै धान रोपाइँ सकिएको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा करिब चार प्रतिशत र कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा करिब १५ प्रतिशत योगदान गर्ने धानबाली सबैभन्दा बढी उत्पादन मधेश प्रदेशमा करिब ३ लाख ७५ हजार हेक्टर जग्गामा धान खेती हुने गरेको छ ।

जलस्रोतबारे अध्ययन गरिरहेका उपाध्या पानीको सञ्चय घट्दै जाने क्रम पुरानो अवस्थामा नफर्कने दरमा बढिरहेको बताउँछन् । उनी तराईमा एक चौथाइभन्दा धेरै मानिसहरूले ससाना खोलाहरू सुकेर गएको सुनाउने अध्ययनमा देखिएको बताउँछन् ।

'यसलाई पानी परेर आफैँ वा प्राकृतिक रूपमा पहिलेको अवस्थामा फर्काउन गाह्रो छ । त्यो भनेको आगामी दिनमा झन् सुक्खाको सामना हामीले गर्नुपर्छ भन्ने हो । मौसम नै उत्तरतिर सर्दा उत्तरतिर बाढीपहिरो र अन्नभण्डार सुक्ने अवस्था हो,' उनी थप्छन् । उनी त्यसका लागि 'हरेक थोपा पानी जोगाउनुपर्ने' बताउँछन् ।

'तापक्रम वृद्धि अपत्यारिलो दरमा बढ्दो क्रममा छ । त्यो तत्काल घट्ने देखिँदैन । त्यसमा हामीले तराईलाई 'टिप अफ द आइसबर्ग' मानेर समाधानमा काम गर्दै गर्नुपर्छ,' उनले भने । तराई क्षेत्रमा रहेको भूमिगत पानीको स्रोत नेपाल र भारत दुवै देशका सीमावर्ती क्षेत्रमा बाँडिने भएका कारण भूमिगत पानीको पुनर्भरणबारे दुवै देशले सहकार्य गर्नुपर्ने जलाधार विज्ञ उपाध्या बताउँछन् ।

'यसमा सहयोग माग्ने होइन । सहकार्य नै गर्नुपर्छ। मित्रराष्ट्र भएका कारण त्यो सम्भव पनि छ,' उपाध्या भन्छन् । सरकारी कार्यदलले चुरेको तल्लो भागमा ठूला पोखरीहरू बनाएर पानी सञ्चय गर्न सकिने सिफारिस गरेको छ ।

'चुरेको फेदीमा मौसमी र स्थानीय पुनर्भरण पोखरी निर्माण गर्ने, भूमिगत डीपट्युबवेलहरूको नियमन गर्ने, तराईमधेश क्षेत्रमा जलाशय तथा तलाउहरूको विकास सुदृढीकरण अभियान सञ्चालन गरिनुपर्ने सिफारिस हामीले गरेका छौँ,' जलस्रोत मन्त्रालयका सहसचिव आचार्य भन्छन् । उनका अनुसार सुनकोशी मरिण डाइभर्शन र सुनकोशी कमला डाइभर्शन परियोजनाले नेपालको मध्यतराई क्षेत्रमा सिँचाइ र पुनर्भरणका लागि राम्रो योगदान गर्न सक्ने सम्भावना छ । कार्यदलले तराईमधेश क्षेत्रमा विद्युत् वितरण प्रणालीमा सुधार गर्न पनि सुझाव दिएको छ ।

सरकारी कार्यदलले अघि सारेको सिफारिस उपयुक्त भए पनि चुरे आफैँ सुक्खा क्षेत्र भएका कारण पानीको स्रोतको प्रबन्धबारे पनि अध्ययन गरिनुपर्ने उपाध्या बताउँछन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले तराईमा देखिएको खडेरीको सामना गर्न तत्काल ५०० ठाउँमा 'डीप बोरिङ' जडान शुरु गरिएको बताएका छन् । 'तराईमा ५०० वटा डीप बोरिङ खन्ने काम शुरु भएको छ। सिँचाइका लागि किसानलाई प्रतियूनिट बिजुलीको ३ रुपैयाँ मात्र लाग्ने छ,' उनले बुधवार फेसबुकमा पोस्ट गरेका छन् । जलाधार विज्ञ उपाध्या खडेरीको समस्याको अल्पकालीन समाधानका लागि 'डीप बोरिङ' उपयुक्त विकल्प भएको बताउँछन् । 'ड्रिल गरेर पानी निकाल्ने उपयुक्त विकल्प हो । त्यो प्राथमिक उपचार जस्तो हो । त्यसमा पनि प्रश्न चाहिँ त्यो कहिलेसम्म हुन्छ र त्यसको व्यवस्थापन कसरी गर्छौं भन्ने छ,' उनले भने ।

तत्कालै यस्ता 'डीप बोरिङ' जडान भएमात्र यो वर्षको खडेरीबाट धान बचाउन सकिने भए पनि दीर्घकालीन समाधानका लागि पानीको सञ्चय र पुनर्भरणका योजना बनाइनुपर्ने जानकारहरू बताउँछन् ।

आचार्यका अनुसार अहिले मधेशमा 'डीप बोरिङ'का लागि १५० देखि २०० मिटर गहिराइसम्म जानुपर्ने अवस्था छ । लामो समयसम्म भूमिगत पानी निकाल्दा त्यसको सतह बढ्दै जाने विज्ञहरू बताउँछन् । तर हालै जलस्रोत तथा सिँचाइ र कृषि तथा पशुपन्छी मन्त्रालयसहित विभिन्न सरकारी निकायले गरेको अध्ययनमा तराईमा जडान गरिएको डीप बोरिङको प्रभावकारी सञ्चालन नभएको देखिएको छ । सरकारी अध्ययनका अनुसार मधेशमा जडान गरिएका डीप बोरिङमध्ये १ सय ९० वटा सामान्य मर्मत गरेर सञ्चालनमा ल्याउन सकिने स्थितिमा छन् । त्यस्तै अर्को २२० वटा यस्ता डीप बोरिङबाट सिँचाइका लागि खेती भएका ठाउँसम्म पानी लैजाने पाइप वा कुलोलगायतका संरचना निर्माण नगरिएका कारण प्रभावकारी उपभोग हुन सकेको छैन ।

'हाम्रो अध्ययनमा डीप बोरिङका लागि राखिएका ट्रान्स्फर्मरजस्ता पूर्वाधार चोरी भएका, विद्युत् महसुल नतिरेका कारण बिजुलीको आपूर्ति काटिएका, भोल्टेज नपुगेर सञ्चालन नभएका अनि कतिपय ठाउँमा चाहिँ जमिनमुनि पानीको भण्डारण नै रित्तिएको पनि पाइएको छ,' आचार्य भन्छन् ।

जल तथा मौसम विज्ञान विभागकी उपमहानिर्देशक अर्चना श्रेष्ठ वर्षा गराउने बादलमा हेरफेर गरेर कृत्रिम वर्षाका लागि प्रयोग हुने 'क्लाउड सीडिङ' प्रविधिबारे पनि अध्ययनको आवश्यकता अहिलेको खडेरीले उजागर गरेको बताउँछिन् । नेपालले अहिले भोगिरहेको समस्या समाधानमा यो प्रविधि उपयुक्त विकल्प नभए पनि त्यसबारे अध्ययन आवश्यक देखिएको उनको भनाइ छ ।

'धेरै देशहरूले यसको अभ्यास र प्रयोग पनि गरिसकेका छन् । हामीलाई एक दिन मात्रै वर्षा गराएर नपुग्ने भएका कारण यो अवस्थाका लागि उपयुक्त नहोला तर हाम्रोजस्तो जलवायु भएको ठाउँमा कस्तो अवस्थामा सफल हुन्छ भन्नका लागि पनि यसको अध्ययन चाहिँ हुन आवश्यक छ,' उनले भनिन् । जलाधार विज्ञ उपाध्या परीक्षणको लागि 'ठिकै' भए पनि खेतीको आवश्यकता त्यसले पूरा नगर्ने बताउँछन् ।

'बर्खा भनेको पूरै पारिस्थितिक प्रणालीका लागि चाहिने कुरा हो नि । ह्वार पारेर भएन, झरी पार्नुपऱ्यो । यो क्लाउड सीडिङ व्यावहारिक हुँदैन,' उनी भन्छन् । साथै यो महँगो प्रविधि भएका कारण पनि नेपालमा यसको प्रयोग सहज नभएको जानकारहरू बताउँछन् । बीबीसी

# संसद्को शक्ति डिजिटल पहुँच र जनविश्वासमा निहित छः सभामुख घिमिरे

**काठमाडौं ।**
सभामुख देवराज घिमिरेले संसद्को शक्ति डिजिटल पहुँच र जनविश्वासमा निहित रहेको बताएका छन ।

जेनेभा, स्विट्जरल्याण्ड यही साउन १३ गतेदेखि १५ गते (२९–३१ जुलाई २०२५)सम्म भइरहेको संसद्का सभामुखको छैटौँ विश्व सम्मेलनमा सभामुख घिमिरेले संसद्को शक्ति डिजिटल पहुँच र जनविश्वासमा निहित रहेको बताए ।

सभामुख घिमिरले 'हाम्रो डिजिटल भविष्य निर्माणमा संसद्हरूको भूमिका के हुनसक्छ ?' भन्ने विषयमा बोल्दै भने, 'आज संसद्को शक्ति केवल शब्दमा मात्र होइन, डिजिटल पहुँच र जनविश्वासमानिहितरहेकाछ ।'

प्रविधि क्षेत्रमा बजेट वृद्धिलाई प्राथमिकता दिन अत्यन्त जरूरी भएको र डिजिटल पूर्वाधार, साइबर सुरक्षा, इन्टरनेट साक्षरता र डेटा सुरक्षामा स्रोत सुनिश्चित गर्न सक्नुपर्ने उल्लेख गर्दै उनले ती व्रडिजिटल परिवर्तनको युगमा संसद् पछाडि मात्र लाग्ने नभई अग्रसर हुने संस्था बन्नुपर्ने बताए ।

'सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत सांसदहरूले सीधै नागरिकसँग संवाद गर्न, उनीहरूको प्रतिक्रिया लिन रजनमतलाई नीति निर्माणमा समावेश गर्न सक्षम भएका छन,' उनले भने, 'तर गलत सूचना, भ्रमपूर्ण प्रचारजस्ता प्रविधिको दुरुपयोगका समस्या बढ्दै गएका छन् । संसद्हरूको काँधमा प्रविधि प्रयोगसँगै डिजिटल साक्षरता प्रवद्र्धन गर्ने जिम्मेवारी रहेको छ ।'

सभामुख घिमिरेले संसद्हरूले मेसिन लर्निङ, डेटासेन्टर, डिजिटाइजेशन, स्पीच (टु-टेक्स्ट प्रविधिको अभ्यास गरेर संसदको कार्यप्रणालीलाई अझ प्रभावकारी बनाउन सकिने र यस्ता प्रविधिले जनसाधारणसँग संसद्को सम्बन्ध अझ बलियो बनाउने विश्वास व्यक्त गरे ।

'नेपालमा आधुनिक प्रविधिमा आधारित भएर निर्माण भइरहेको सङ्घीय संसदमा हामी कृत्रिम बुद्धिमत्ताको प्रयोग विधायन व्यस्थापनमा गर्नेबारे अध्ययन भइरहेको जानकारी गराउन चाहन्छु', सभामुख घिमिरले भने, 'नेपालमा हामीहाले कृत्रिम बुद्धिमत्तासम्बन्धी विधेयक र सामाजिक सञ्जालसम्बन्धी विधेयकमाथि काम गरिरहेका छौँ ।'

उनले डिजिटल प्रविधिले संसद्को कार्यसञ्चालनमा पारदर्शिता, कार्यकुशलता र जनसहभागिता अभिवृद्धि गर्र्ने महत्वपूर्ण अवसर प्रदान गरेको जानकारी गराए । अनलाइन प्रसारण, ई (संसद् प्रणाली, डिजिटल अभिलेख तथा इलेक्ट्रोनिक मतदान प्रणालीजस्ता प्रविधिले संसद्को कामकाजलाई आधुनिक, प्रभावकारी र सबैका लागि पहुँचयोग्य बनाएको छन् । आजका दिनमा विश्वका सबैभन्दा ठूला कम्पनी प्रविधि क्षेत्रमै आधारित छन् । यसको अर्थ अबको युग प्रविधिबिना अघि बढ्न सक्दैन भन्ने हो ।रासस

# खाद्य अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्धः कृषिमन्त्री अधिकारी

**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कल्याणकारी राज्यका रुपमा आधारभूत मानव अधिकारका रुपमा खाद्य अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताएका छन ।

इथोपियाको अदिस अबाबामा यही साउन ११ देखि १३ (जुलाई २७ देखि २९) सम्म सञ्चालन भएको संयुक्त राष्ट्र सङ्घ खाद्य प्रणाली रुपान्तरण स्टेक टेक समिट (युनएनएफएसएस+४) को उद्घाटन सत्र र मिनिस्टिरियल राउन्डटेबलमा सम्बोधन गर्नुहुँदै उनले खाद्य अधिकारलाई नेपालको संविधानमा मौलिक हकका रुपमा व्यवस्था गरिनाका साथै सोको कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन तथा नियमावली जारी गरिएको जानकारी दिए ।

उनले भने, 'यो एक कानुनी प्रबन्ध मात्र नभई एउटा राजनीतिक र नैतिक जिम्मेवारी पनि हुनाका साथै यसले राष्ट्रिय प्रयासलाई पनि दिशानिर्देश गर्ने छ । ' मन्त्री अधिकारीले भूपरिवेष्टित, जलवायुजन्य जोखिमता तथा जोखिमयुक्त कमजोर पहाडी भूधरातल, बिग्रँदो पारिस्थितिक प्रणाली, जैविक विविधता ह्रास र बढ्दो खाद्य तथा कृषि आयात तथा अस्वस्थकर खानाको बढ्दो उपभोगलगायत कारणले सिर्जना गरेको चुनौतीको सामना गर्न नेपालजस्तो सानो अर्थतन्त्रले स्थानीय खाद्य प्रणालीको विकास र सबलीकरण गर्नु अत्यावश्यक रहेकामा जोड दिए ।

स्थानीय खाद्य प्रणालीको विकास तथा सबलीकरणको प्रयासअन्तर्गत सरकारले स्थानीय कृषक समुदाय एवं महिला तथा युवा वर्गका लागि सहयोग र सशक्तिकरण गर्न सरकारले गरेका विभिन्न पहलबारे चर्चा गर्दै उनले पोषणयुक्त स्थानीय तथा रैथाने बालीको उत्पादन र मूल्य शृङ्खला विकासलाई प्राथमिकता दिइएको बताए ।

यस क्रममा विद्यालय दिवा खाजामा स्थानीय उत्पादनको प्रयोग गर्ने अभियान चलाइएको र यसले स्कुले विद्यार्थीको कुपोषण कम गरी शिक्षण सिकाइमा सकारात्मक प्रभाव पर्नाका साथै ग्रामीण अर्थतन्त्रमा टेवा पु¥याउनाका साथै उत्थानशील स्थानीय खाद्य प्रणाली विकासमा समेत सहयोग पुगेको मन्त्री अधिकारीले उल्लेख गरे ।

यसैगरी, उनले पर्यावरणीय कृषि, प्राङ्गारिक कृषि, जलवायु मैत्री कृषि एवं कृषि जैविक विविधता संरक्षण, कृषि वन प्रणालीलगायत दिगो तथा उत्थानशील कृषिका विभिन्न अभ्यासको प्रवद्र्धन गरिएको पनि जानकारी गराए ।

निम्न आय भएको मुलुकका रुपमा खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार तथा जलवायु परिवर्तनलगायत कारणले खाद्य उत्पादन तथा समग्र खाद्य प्रणालीमा देखापरेका चुनौतीको सम्बोधन गर्न वर्तमान खाद्य प्रणालीलाई रुपान्तरण गरी दिगो, उत्थानशील र समावेशी बनाउन नेपालको वित्तीय एवं संस्थागत क्षमता कमजोर रहेकाले यस दिशामा अन्तरराष्ट्रियजगतको सहयोगका लागि मन्त्री अधिकारीले आह्वान पनि गरे । रासस

# बिपी राजमार्ग पुनःस्थापना गर्न जापान सरकारको अनुदान स्वीकार गर्ने

**काठमाडौं ।**
सरकारले बाढीबाट क्षतिग्रस्त सिन्धुली सडकको आपत्कालीन पुनःस्थापनाका लागि जापान सरकारबाट प्राप्त हुने २.८ अर्ब जापानी येन बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही साउन १२ गतेको बैठकले गरेको निर्णय बिहिवार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै सञ्चार तथा सूचनाप्रविधि पृथ्वीसुब्बा गुरुङले सो जानकारी गराएका हुन ।

त्यसैगरी सरकारले रानी जमरा कुलरिया सिँचाइ आयोजना तेस्रो चरणका लागि विश्व बैङ्क समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट प्राप्त करिब १८ अर्ब ९२ करोड रुपैयाँ बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।

विद्युत् वितरण प्रणाली स्तरोन्नति तथा सुदृढीकरण आयोजनाका लागि विश्व बैङ्क समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने ८६.७ मिलियन अमेरिकी डलर बराबरको 'सर्टर म्याचुरिटी लोन' तथा ३३.३ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण गरी जम्मा १२० मिलियन अमेरिकी डलर अर्थात करिब रु १६ अर्ब ७४ करोड बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय पनि गरेको छ । 'पावर डिस्ट्रब्युसन स्ट्रेन्थनिङ प्रोग्राम' (पिओएसआइएसपी) का लागि जर्मन सरकारले प्रदान गर्ने २० मिलियन युरो बराबरको अनुदान सहायता पनि स्वीकार गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

साथै, मन्त्री गुरुङले राज्यकोषबाट लगानी भएका प्रतिष्ठान बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी र कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्न रामुप्रसाद डोटेल (पर्वत) को संयोजकत्वमा रमेशप्रसाद सिवाकोटी (दोलखा) र चण्डीप्रसाद घिमिरे (ललितपुर) सदस्य रहनेगरी कार्यदल गठन गर्ने निर्णय सरकारले गरेको बताए ।

त्यसैगरी, नेपाल–भारत पारवहन सन्धि, २०२३ को 'प्रोटोकल'मा संशोधन गर्नेसम्बन्धी 'लेटर अफ एक्सचेन्ज' स्वीकृत गर्ने र उक्त एलओईमा नेपाल सरकारका तर्फबाट हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ । आगामी भदौ २३ देखि २५ गतेसम्म पेरिसमा आयोजना हुने 'नेस्नल फोरम अन पम्पड स्टोरेज हाइट्रोपावर' कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई सहभागी हुन स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय छ ।आगामी भदौ २ देखि १३ गतेसम्म संयुक्त राष्ट्रसङ्घको मुख्यालय, न्युयोर्कमा आयोजना हुने मेरिन बायोडाइभरसिटी अफ एरियाज वियोन्ड नेस्नल जुरिस्डिक्सन (विविएनजे) प्रिपरेटरी कमिसनको दोस्रो सत्रको बैठकमा नेपालका तर्फबाट सहभागिता जनाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानालाई स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

न्याय सेवा आयोगको सिफारिसअनुसार सर्वोच्च अदालतका सहरजिस्ट्रार मानबहादुर कार्कीलाई न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा नियुक्त गरी सर्वोच्च अदालतको रजिस्ट्रार पदमा पदस्थापन गर्ने, न्याय सेवा आयोगको सिफारिसअनुसार सर्वोच्च अदालतका रजिस्ट्रार विमल पौडेललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार पदमा बढुवा नियुक्त गर्ने निर्णय सरकारले गरेको उल्लेख छ ।

साथै, यही साउन १३ देखि १५ गतेसम्म थाइल्यान्डको बैङ्ककमा आयोजना 'केयर फर साउथ एसिया प्रोजेक्ट कम्प्लेसन एन्ड डिसिमिनेसन वर्कसप'मा गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले जानकारी गराए ।

त्यसैगरी साउन १८ देखि २३ गतेसम्म 'थर्ड युनाइटेड नेसन्स कन्फ्रेन्स अन ल्यान्डलक डेभलपिङ कन्ट्रिज' (एलएलडिसिथर्ड) मा सहभागी हुन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा तुर्कमेनिस्तानको औपचारिक भ्रमणमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उक्त भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ ।

नेपाल इन्जिनियरिङ परिषद्को रजिष्ट्रार पदमा श्री ध्रुवराज भट्टराई, (तनहुँ) लाई नियुक्त गर्ने, राष्ट्रिय युवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने, नेपाली सेनातर्फ एकजना सहायक रथीको उपरथी पदमा र छ जना प्रमुख सेनानीको महासेनानी पदमा बढुवा गर्ने, साथै, छ जना महासेनानीको सरुवा गर्ने सरकारले निर्णय गरेको छ ।

कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा अवस्थित आरोहणका लागि खुला गरिएका ९७ वटा हिमालमा लाग्ने सलामी रकम आर्थिक वर्ष २०८२/८३ र आव २०८३/८४ दुई आर्थिक वर्षका लागि पर्यटन ऐन, २०३५ को दफा ३६ तथा पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम ३२ को देहाय (ख) बमोजिम पूर्णरूपमा छुट दिने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय सरकारले गरेको छ ।

भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ को दफा ९ को उपदफा ९२० बमोजिम डा उज्ज्वल चालिसे, कास्कीलाई भक्तपुर क्यान्सर अस्पताल विकास समितिको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने निर्णय मन्त्रिपरिषद्को बैठकले गरेको छ ।

न्याय सेवा आयोगको सिफारिसबमोजिम सहन्यायाधिवक्ता सूर्यराज दाहालको नायब महान्यायाधिवक्ता पदमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका सचिव खेमराज ज्ञवालीको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता पदमा सरुवा गर्ने निर्णय सरकारले गरेको मन्त्री गुरुङले जानकारी दिए ।रासस

# 'युवा पुस्तालाई कृषि पेसामा संलग्न गराउनुपर्छ'

**काठमाडौँ ।**
नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले नयाँ पुस्तालाई कृषि पेसामा संलग्न गराउनु पर्ने बताएका छन ।

राष्ट्रिय युवा सङ्घ नेपालद्वारा आयोजित एक महिने बृहत् रक्तदान अभियानको बिहिवार शुभारम्भ गर्दै खिर खाने कार्यक्रममा समेत सहभागी भइ उनले कृषि क्षेत्रको रुपान्तरण गर्न नसकेमा देशको विकास हुन नसक्ने बताए । 'जमिन बाँझै रहने, युवा रोजगारीको खोजीमा विदेश जाने अवस्थालाई बदल्ने सङ्कल्प हामीले गर्नुपर्दछ, नेपालमा ठुलो सङ्ख्यामा युवालाई रोजगारीमा समेट्ने कृषि क्षेत्र नै हो', उनले भने ।

महासचिव पोखरेलले कृषि पेसालाई व्यावसायिक रुपमा विस्तार गर्न नसक्दा नयाँ पुस्ता कृषि कर्ममा जोडिन नसकेको बताए । त्यसैले अब नयाँ पुस्तालाई कृषिमा संलग्न गराउने विषय युवा आन्दोलनको साझा विषय बन्नुपर्नेमा उनले जोड दिए ।

युवा सङ्घका अध्यक्ष क्षितिज थेवेले युवालाई कृषिमा संलग्न गराउन सङ्घले योजना बनाएको बताए ।रासस

# सूर्यविनायकमा ५० हजार दर्शक अटाउने रगंशाला निर्माण गर्ने प्रधानमन्त्रीको घोषणा

**काठमाडौँ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले भक्तपुरको सूर्यविनायकमा ५० हजार दर्शक अटाउने रगंशाला निर्माण गर्ने घोषणा गरेका छन् ।

बिहीबार अखिल नेपाल फुटबल संघ (एन्फा) द्वारा दशरथ रंगशालामा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले अब छिट्टै नै भक्तपुरको सूर्यविनायक नगरपालिकामा ५० हजार दर्शक अटाउने रगंशाला निर्माण गर्ने घोषणा गरे ।

त्यस्तै उनले कीर्तिपुरको क्रिकेट रंगशालाको अधिकतमसंरक्षण र सदुपयोग गरेर क्रिकेटलाई अघि बढाइने पनि बताए ।

उनले भने, कीर्तिपुरको क्रिकेट रंगशालाको अधिकतमसंरक्षण र सदुपयोगमार्फत क्रिकेटलाई अघि बढाइने छ । नेपाललाई सम्पूर्ण खेलमा स्वर्ण पदकको विजेता बनाउने हिसाबले हामी अगाडि बढ्नुपर्छ । अब छिट्टै नै भक्तपुरको सूर्यविनायक नगरपालिकामा ५० हजार दर्शक अटाउने रगंशाला निर्माण गर्न लागेका छौँ । हाम्रो स–साना बालबालिकाहरू हुर्कंदासम्म ५० हजार दर्शकले हेर्ने रंगशाला तयार भएको हुनेछ ।'

उनले धनुषाको रंगशाला र झापामा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण गरिरहेकाले अब खेल सिक्रका लागि रंगशालाको कमी नहुने बताए ।

# खानेपानीलाई मौलिक अधिकारको विषय मात्र नभई प्राथमिकताको विषय बनाउनुपर्छः नारायणकाजी श्रेष्ठ

**काठमाडौं ।**
नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले खानेपानीलाई मैलिक अधिकारको विषय मात्र नभई यसलाई प्राथमिकताको विषय बनाउनुपर्ने बताएका छन् ।

बिहीबार बसेको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले खानेपानीलाई पहिलो प्राथमिकताको योजना बनाएर काम गर्नुपर्ने बताएका हुन् ।

उनले भने, 'खानेपानीलाई मैलिक अधिकारको विषय मात्र हैन मौलिक अधिकारको पनि प्राथमिकतामाको विषय ठानेर आमरुपमा जहाँ खानेपानीको समस्या छ त्यो माग गरेर त्यसलाई पुरा गर्ने योजना प्राथमिकताको योजना बनाउनु पर्यो ।'

उनले खानेपानीको अभावका विषयमा जनतासँग, स्थानीय निकायसँग त्यसको माग गर्नुपर्ने बताए । 'यो खानेपानीको बिषय कस्तो बनाउनु पर्यो भने नेपालमा अहिले स्वच्छ खानेपानीको अभाव कहाँ कहाँ छ भनी आधारभूतरुपमा खानेपानीकै अभाव जनतासँग, स्थानीय निकायसँग त्यसको माग गर्नुपर्यो र यसलाई पहिलो प्राथमिकताको योजना बनाएर जहाँ माग भएको छ त्यो बास्तुयोग्य हो की हैन सम्बन्धित निकायले त्यसको सर्वेक्षण गर्ने गर्नुपर्छ,'उनले भने । यसैगरी नेकपा एकीकृत समाजवादीका नेता वामदेव गौतमले तराईका जिल्लाहरुमा हरेक पाँच किलोमिटर पानी पोखरी निमार्ण गर्नुपर्ने बताए ।

'मेरो विचारमा हरेक पाँच किलोमिटरमा राजमार्ग भन्दा दक्षिण हरेक पाँच किलोमिटरमा माथिबाट पनि पाँच किलोमिटर पानी पोखरी निमार्ण गर्ने, आठ जिल्लामा ४० वटा पोखरी निर्माण गरौँला । यो पोखरी रिचार्ज गर्नुका साथै निमार्ण गर्न सुरु गरिहाल्ने । जहाँ–जहाँ पानी जम्मा गर्न सकिन्छ जम्मा गर्दै जाने । यसका लागि २५÷३० हजार कामदार खटाउने हो भने दुई÷तीन महिनामा हामीले परिणाम दिन सक्छौँ,'उनले भने ।

# नेपाली सेयर होल्डरहरुको हक र हितको संरक्षण हुनुपर्छः दिपक सिंह

काठमाडौं ।
पूर्वाधार विकास समितिका सभापति एंव राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दिपक सिंहले 'विद्युत विधेयक २०८०' मा ६५ लाख नेपाली सेयर होल्डरहरुको हक र हितको संरक्षण हुनुपर्छ भन्ने उद्देश्य समितिले बोकेको बताएका छन् ।

बिहिबार 'विद्युत विधेयक २०८०' को व्यवस्था बारे समिति र सरोकारवालाबीच भएको अन्तरक्रियामा उनले विधेयकका बारेमा मन्त्री, मन्त्रालय, सरोकारवाला सबैसँग विभिन्न चरणमा छलफलहरु अगाडि बढाई रहेको भन्दै समितिको उद्देश्य भनेको राष्ट्र हित, जनहित र ६५ लाख नेपाली सेयर होल्डरहरुको हक र हितको संरक्षण यो विधेयकमा हुनुपर्छ भन्ने रहेको बताए ।

उनले भने, 'समितिको तर्फबाट ६११ संशोधन र ६१ समुहमा माननियहरु बाडिएका थिए, ३० भन्दा बढि औपचारिक बैठकहरु हामीले गरिसकेका छौं । ५० भन्दा बढि अनौपचारिक विज्ञ र सरोकारवालाहरुसँग हामीले सहकार्य र विधेयकको बारेमा छलफल गरेका छौ । मन्त्रालयसँग पनि विभिन्न चरणमा १० देखि १५ वटा मन्त्रि र मन्त्रालयका राष्ट्रसेवकहरुसँग बसेर छलफल गरेका छौं । समितिको उद्देश्य भनेको राष्ट्र हित, जनहित र ६५ लाख सहभागि नेपाली सेयर होल्डरहरुको हक र हितको संरक्षण यो विधेयकमा होस भन्ने हो ।'

यस्तै, उनले पार्टीगत कार्यक्रमहरु धेरै भएको कारणले यो विधेयक लम्बिएको स्वीकार गर्दै अब दबाबरहित भएर समितिले काम गर्ने बताए ।

उनले भने, 'यो विधेयक विभिन्न कारणले गर्दा लम्बिएको म स्वीकार गर्छु । पार्टीगत कार्यक्रमहरु धेरै भएको कारणले गर्दा त्यती समय दिन सकि रहेको छैन् । तर यो विषयमा समितिले दबाबरहित भएर काम गरिरहेको छ ।'

विजुलीलाई नेपालका कल, कारखाना, उद्योग र नेपालीको आवश्यकता अनुसार परिचालन गर्ने कुरा पहिलो प्राथमिकतामा राख्नु पर्ने भन्दै त्यसबाट बचेको विद्युत मात्र छिमेकी मुलुकहरुलाई बेच्नु पर्ने समितिको धारणा रहेको पनि उनको भनाई छ ।

सोही क्रममा समितिका सदस्य शक्ति बस्नेतले पनि बदलिदो सन्दर्भमा विद्युतको उत्पादन जसरी बढि रहेको छ, त्यो आन्तरिक उपभोगको क्षमता भन्दा बढि नै भएको कारण बचत भएको विजुलीलाई विक्रि गर्नुपर्ने बताए ।

उनले भने, 'बदलिदो सन्दर्भमा हाम्रो उत्पादन जुन बढि रहेको छ । त्यो हाम्रो आन्तरिक उपभोगको क्षमता भन्दा बढि नै भएको कारण बचत भएको विजुलीलाई विक्रि गर्नुपर्ने आवश्यकताले पनि व्यापारको प्रसंग आएको छ । एकथरिले विजुली राज्यले व्यवस्थापन गर्नु पर्ने विषय होईन भनि रहेको छ भने अर्को थरिले पूर्ण रुपमा राज्यको स्वामित्व हुनुपर्ने भनि रहेको छ । यो दुईवटा अतिवादी सोचले हाम्रो उर्जा र जलस्रोतको व्यवस्थामा देखा परिरहेको छ । यहाँ एउटा दृष्टिकोण निर्माण गर्नुपर्ने कुरा आवश्यक छ । यो उर्जा वस्तु पनि हो त्यसकारण विक्रिमा जान्छ तर सामान्य वस्तु होईन रणनीतिक महत्वको वस्तु पनि हो ।'

# कागतीले बजार नपाउँदा निराश

**तनहुँ ।**
तनहुँको देवघाट गाउँपालिका–२ का कृषक मनिष मल्ल उत्पादित कागतीले बजार नपाउँदा निराश भएका छन । व्यावसायिक कागतीखेतीमा लाग्नुभएका उनि आफ्नो उत्पादनले बजार नपाउँदा समस्या भएको गुनासो गर्छन ।

मल्लले २० रोपनी क्षेत्रफलमा कागतीखेती गरेका छन । कागती उत्पादनको अन्तिम अवस्थामा छ, तर बजार अभाव हुँदा बारीमै रहेको उनले बताए । मल्लले भने, ‘बारीसम्म गाडी पुग्ने बाटो छैन । मान्छेले बोकेर गाडीसम्म लैजाँदा लागत मूल्य धेरै पर्न जान्छ । त्यसमाथि कागतीको उचित मूल्य नपाउँदा समस्या छ ।’

स्थानीयस्तरमा बजार नपाएपछि काठमाडौँस्थित कालीमाटी तरकारी बजारमा पुगेर बिक्रीका लागि व्यापारीसँग अनुरोध गरेको उनले सुनाए । गत वर्ष चितवन, तनहुँको दमौली र पोखरामा कागती बिक्री भए पनि यस वर्ष बजार नपाएपछि काठमाडौँ पुग्नुपरेको उनको भनाइ छ ।

‘उत्पादित कागती काठमाडौँसम्म लैजाँदा लागत धेरै पर्ने र उत्पादन लागत पनि पाउन गाह्रो छ, तर बारीमै कुहिनुभन्दा काठमाडौँमा बिक्री गर्न सके केही न केही सहयोग हुने आशा गरेको छु । ३० केजीभन्दा माथि खरिद गर्ने कृषकलाई बारीमै आएर छानीछानी कागती टिप्न दिने भनेको छु‘, मल्लले भने,‘गाउँपालिकाले नै कागतीको बजार खोजिदिएको भए हामीजस्ता कृषकले चिन्ता गर्नुपर्थेन । स्थानीय कृषकलाई प्रोत्साहन गर्ने दायित्व स्थानीय तहको पनि हो नि, तर सहयोग पाएका छैनौँ ।’

एकातिर उत्पादनले बजार पाएको छैन, अर्कातिर गत जेठ १ र २ गते आएको हावाहुरीले कागतीखेतीमा क्षति पुगेको छ । यसले देशमै केही गरौँ भन्ने सोच लिएर सात वर्षअगाडि देखि कागतीखेतीमा लागेका मल्ल थप निराश बनेका छन ।

उनले ५०० भन्दा बढी बोट कागती लगाएका छन । हावाहुरीले ५० बोटमा क्षति पुगेको थियो । वर्षौं मिहिनेत गरेर हुर्काएको कागती प्रत्येक वर्ष आउने हावापानीले क्षति पुर्‍याए पनि कतैबाट राहतसमेत नपाइएको मल्लको दुःखेसो छ ।रासस

# ‘पर्यटक बढेपछि गोठमै आम्दानी’

**बागलुङ।**
बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि गोठालाको आयआर्जनमा वृद्धि भएको छ। ढोरपाटन पुगेका केही पर्यटकहरू पदमार्गमार्फत बुकीपाटन पुग्ने गरेका छन्। बुकी पुग्ने पर्यटकका लागि खान–बस्नमा सघाउँदै आएका गोठालको आम्दानी बढ्न थालेको हो।

पदमार्ग आसपास र बुकीपानमा चिया–नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ। पाटन पुगेका पर्यटक गोठमै बस्ने र खाने गर्दा भैँसीको दूध, घ्यू तथा भेडाको मासु खपत हुन थालेको र यसले आयआर्जनमा वृद्धि भएको गोठालाहरू बताउँछन् । पर्यटकलाई भैँसीको दूधसँगै खीर, चिया, मोही तथा दही खुवाएर आम्दानी गर्न थालिएको गोठालाहरूको भनाइ छ।



बुकीपाटनका भैँसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरिचरनका रूपमा रहेको बुकीपाटन पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताए। ‘पहिला त ढोरपाटन ल्याएर घ्यू बिक्री गरिन्थ्यो, मही फालिन्थ्यो। हाल बर्खामा पनि पर्यटक भरिभराउ छन, मोहीसमेत बिक्री हुन्छ’, उनले भने, ‘पर्यटक बढेपछि यही गोठमा समेत बस्न आउँछन्, भैँसीको दूधको खीर पकाएर खुवाउँछु । गोठमै दूध, मोही बिक्री भएपछि बोकेर ढोरपाटन जानै पर्दैन।’

बुकीपाटन उक्लनले बीच बाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर गुमानसिंह कुमाईले पनि राम्रो आम्दानी गरिहेका छन । बुकी उक्लनेलाई प्रतिगिलास १०० रुपैयाँ मा चिया बिक्री गर्दै आएको उनको भनाइ छ। दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको कुमाईले बताए।

उनको गोठमा एकै दिन एक सय गिलाससम्म चिया खपत हुने गर्छ । तीनवटा भैँसी र ६० वटा बाख्रा पाल्दै आएका कुमाईको घुम्ती गोठ पदयात्रा गर्ने छेउमै भएकाले असारयता दूध र चिया निकै खपत भएको हो। ‘बुकीमा चरेका भैँसीको दूधको चिया पदयात्रीले निकै मीठो मानेर खाने गरेका छन्, दूधबाट चिया बनाउन थालेपछि यो ‘सिजन’मा घ्यू बनाउन आवश्यक छैन’, उनले भने, ‘पर्यटकका कारण गोठमै पैसा आएको छ, पहिला–पहिला खेर जाने मोही पनि हाल महङ्गो मूल्यमा बिक्री हुन्छ।’

ढोरपाटनमा एक वर्षमै आठ हजारले पर्यटक वृद्धि भएपछि यसपटक बुकीपाटन गुल्जार बनेको छ । प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएपछि घोडा सफारी, घरबास र गोठमा बस्ने पर्यटकका कारण आयआर्जनमा सघाउ पुगेको हो।

ढोरपाटन सिकार आरक्षमा पहिले सिकार खेल्न विदेशी पर्यटक मात्र आउने गरेकामा पछिल्लो समय आरक्ष क्षेत्र, ढोरपाटन उपत्यका, निशेलढोर, ढोरबराह मन्दिर, बुकी पाटन र जलजलालगायत क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक पनि यहाँ आउने गरेका छन् । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन्।रासस

# पाकिस्तानमा ७८ सय आतंकवादी सक्रिय छनः राष्ट्र संघीय टोली



**काठमाडौं ।**
संयुक्त राष्ट्र संघको प्रतिबन्ध अनुगमन टोलीको प्रतिवेदनमा एउटा चकित पार्ने खुलासा भएको छ ।

राष्ट्र संघको सो प्रतिवेदनले मध्य र दक्षिण एसियामा आइएसआइएल–केबाट बढ्दो खतरालाई उजागर गरेको छ ।

जहाँ लगभग २ हजार स्थानीय लडाकुहरू र अन्तर्राष्ट्रिय रूपमा सक्रिय रूपमा भर्ती भइरहेका छन्, मध्य एशिया र रूसको उत्तरी काकेशसबाट ।

यसबाहेक, यसको जरा पाकिस्तानसँग जोडिएको छ, जहाँ जम्मा ८७ सय आतंकवादीहरू यस क्षेत्रमा आतंक मच्चाउन तयार छन् ।

आइएसआइएल–के ले साना केटाकेटीहरूमा पनि आफ्नो नजर राखेको छ, रिपोर्टहरू अनुसार आइएसआइएल–के ले अफगानी मदरसाहरूमा बच्चाहरूलाई प्रशिक्षण दिइरहेको छ ।

र, १४ वर्षसम्मका नाबालिगहरूका लागि आत्महत्या प्रशिक्षण शिविरहरू पनि चलाउँदैछ ।

अल–कायदाले अफगानिस्तानमा पहिले नै प्रशिक्षण शिविरहरू सञ्चालन गरिरहेको छ, जसमध्ये केही तहरीक–ए–तालिबान पाकिस्तान (टीटीपी) लडाकुहरूलाई प्रशिक्षण पनि दिन्छन् । टीटीपीसँग ६ हजार लडाकु छन्, जसलाई अफगान सरकारी अधिकारीहरूले पनि समर्थन गरेका छन् र र यसको आइएसआइएल–के सँग रणनीतिक सम्बन्ध छ ।

अहिले टीटीपीले उन्नत हतियारहरू प्रयोग गरेर ठूला आक्रमणहरू गर्छ र बलुचिस्तानमा आतंकवादीहरूलाई तालिम दिन्छ। यस शिविरमा बलुचिस्तान लिबरेशन आर्मी (बीएलएं) लडाकुहरूलाई पनि प्रशिक्षण दिइन्छ । यसमा बीएलएको माजिद ब्रिगेड पनि समावेश छ, जसले दक्षिणी अफगानिस्तानमा टीटीपी र अल–कायदासँग मिलेर प्रशिक्षण शिविरहरू चलाउँदैछ ।

गत मार्च ११ मा मात्रै बीएलएले पाकिस्तानी रेल अपहरण गरी ३१ जनाको हत्या गरेको थियो ।

आतंकवादीहरूप्रति पाकिस्तान सरकारको नरम व्यवहार अहिले उनीहरूलाई महँगो परेको छ । यी सबै आतंककारीहरूले अफगानिस्तानको भूमि प्रयोग गरेर पाकिस्तानमा पनि आक्रमण गरिरहेका छन् । बलुचिस्तान जस्ता क्षेत्रमा पाकिस्तानबाट स्वतन्त्रताको माग तीव्र भएको छ ।

# एउटै किसानले फलाउँछन् दैनिक ५०० केजी बोडी

**झापा।**
विर्तामोड नगरपालिका–७ का युवा प्रदीप खनाललाई एक सातायता फार्ममा फलेको बोडी टिप्न र बजार पुर्‍याउन भ्याइनभ्याइ छ । उनको एकल लगानी रहेको ‘हाम्रो कृषि फार्म’बाट दैनिक ५०० किलोग्राम बोडीको तरकारी उत्पादन हुन्छ । उत्पादित सबै बोडी विर्तामोड नगरपालिकाले प्रवद्र्धन गरेको सुपथ मूल्यका तरकारी पसलमा बिक्री हुने गरेको छ। भाडामा लिएको ४५ बिगाहा जग्गामध्ये १६ कट्ठामा खनालले बोडीखेती गरेका छन।



हाल आठ कट्ठामा फल लाग्न बाँकी नै र आठ कट्ठामा लहलह फलेको बोडी छ। सात वर्षअघि ठेक्कापट्टाको काम छाडेर एक कट्ठाबाट तरकारीखेती सुरु गरेका खनालले कृषि फार्म दर्ता गरेर व्यावसायिक रूपमा त्यसको विस्तार गरेका हुन।

उनले बोटबाट टिपेको बोडी नगरपालिकाका सातवटा सुपथ मूल्यका पसलमा बिक्रीका लागि लैजाने गरिएको बताए । ‘पसलमा नगरपालिकाले तोकेको समर्थन मूल्यमा बिक्री हुने गरेको छ। यदि बजार भाउ खस्किएर कम मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता आयो भने नगरपालिकाले समर्थन मूल्य बराबरको रकम तिरिदिने भएकाले बजारको कुनै चिन्ता गर्नुपरेको छैन’, खनालले भने।

हाल प्रतिकेजी बोडी ३० रुपैयाँ देखि १०० रुपैयाँ सम्ममा बिक्री भइरहेको छ। कहिलेकाहीँ भने मूल्यमा उतारचढाव आउने गरेको उनले बताए । नगरपालिकाले तरकारीमा विषादीको अवशेष जाँच गरेर मात्र पसलमा बिक्रीका लागि अनुमति दिने गरेको छ।

खनालको कृषि फार्ममा २० बिगाहामा धानखेती छभने पाँच बिगाहामा विभिन्न प्रकारका तरकारी छन् । जसमध्ये १६ कट्ठामा बोडी, १५ बिगाहामा अम्बक, बयरलगायतका फलफूलखेती र चार बिगाहामा लौका, भिन्डी तथा खुर्सानी खेती गर्ने गरेको उनले जानकारी दिए।

धान, तरकारी र फलफूलखेतीबाट वार्षिक एक करोड रुपैयाँ मुनाफा हुने खनालको दाबी छ। ‘प्रत्येक वर्ष आम्दानी बढ्दै गएको छ। मैले मात्र आम्दानी गरेको होइन । दर्जनौँ व्यक्तिले रोजगारी पाएका छन्। उपभोक्ताले पनि स्वदेशी र ताजा तरकारी खान पाउनुभएको छ। यस वर्ष वार्षिक दुई करोड रुपैयाँ सम्म तरकारी बिक्री हुने अपेक्षा गरेको छु’, खनालले भने।

उनले सुरुमा कृषिबाट यति धेरै आम्दानी हुन्छ होला भनेर विश्वास नगरेको सुनाए । ‘एउटै अम्बक आधा केजीसम्मको फल्न थालेको छ। हाल आफ्नै देशमा व्यावसायिक कृषि कर्म गरेर ठिकै गरेछु भन्ने लागेको छ। फार्ममा २५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन भने दर्जनौँले मौसमअनुसारको खुद्रा काम पाउने गरेका छन’, खनालको भनाइ छ । विर्तामोड नगरपालिकाले नगरलाई तरकारी र फलफूलमा आत्मनिर्भर बनाउन ‘पारिको होइन वारिको’ भन्ने अभियान नै सञ्चालन गरिरहेको छ। नगरको कृषि शाखाका प्रमुख राजेन्द्रप्रसाद कडरिया स्थानीय तरकारी उत्पादक कृषकहरु अभियानमा जोडिनुभएको र भारतबाट तरकारीको आयात प्रतिस्थापन गर्न अभियानले मद्दत पुर्‍याइरहेको बताउछन।

उनले भने,‘नगरपालिकाले बोडीको समर्थन मूल्य प्रतिकेजी रु ३० तोकेको छ। उक्त मूल्यमा बिक्री नभए तौलको आधारमा घाटा पूर्ति रकम उपलब्ध गराउँदै आएका छौँ। यसमा मात्रै होइन अन्य उत्पादनमा पनि कृषकलाई प्रोत्साहन गर्ने हाम्रो नीति छ । रासस

# प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको मान्यता दिँदै क्यानडा

**काठमाडौं ।**
प्रधानमन्त्री मार्क कर्नीले क्यानडाले सेप्टेम्बरमा प्यालेस्टाइन राज्यलाई मान्यता दिने योजना बनाएको बताएका छन् । हालैका दिनहरूमा यस्तो घोषणा गर्नेमा क्यानडा तेस्रो जी–७ राष्ट्र बनेको छ ।



कर्नीले यो कदम प्यालेस्टाइन प्राधिकरणले अर्को वर्ष हमास बिना निर्वाचन गर्नेलगायत प्रजातान्त्रिक सुधारहरूमा निर्भर रहेको बताएका छन् ।

इजरायलको विदेश मन्त्रालयले क्यानडाको घोषणालाई अस्वीकार गर्दै यसलाई हमासलाई पुरस्कार दिएजस्तो भएको बताएको छ । अहिलेसम्म संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूमध्ये १४७ देशले औपचारिक रूपमा प्यालेस्टाइन राज्यलाई मान्यता दिएका छन् ।

कर्नीले क्यानडाले आगामी संयुक्त राष्ट्रसंघको महासभामा प्यालेस्टाइन राज्यलाई औपचारिक रूपमा मान्यता दिने बताएका छन् ।

क्यानडा लामो समयदेखि वार्ताबाट शान्ति प्रक्रियाको हिस्साको रूपमा दुई–राज्य समाधानप्रति प्रतिबद्ध रहेको कार्नीले बताएका छन् । क्यानडाका कन्जरभेटिभहरूले भने कर्नीको घोषणाको आलोचना गरेका छन् ।

# ट्राफिक कारबाहीः दुई करोड ४१ लाख राजस्व सङ्कलन




**बागमती।**
मकवानपुर जिल्ला ट्राफिक प्रहरी कार्यालयले गत आर्थिक वर्षमा दुई करोड ४१ लाख ४५ हजार ५४ रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

उक्त कार्यालयका प्रमुख प्रहरी निरीक्षक बच्चुराम फुयालका अनुसार आव २०८१/८२ मा ट्राफिक नियम उल्लङ्घन गरेका ३० हजार ३४ सवारीसाधनबाट उक्त रकम सङ्कलन भएको हो।

आव २०८०/८१ मा ४७ हजार ८९९ सवारीसाधनलाई कारबाही गरेर तीन करोड ६९ लाख ६७ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

मकवानपुरमा आव २०८१/८२ मा भएका ४०७ सवारी दुर्घटनामा ५० जनाको मृत्यु भएको तथा ९६५ जना घाइते भएका थिए।रासस

# ‘ड्रागन’ फलमा ढुसिजन्य रोगको समस्या

**चितवन।**
जिल्लामा लगाईएको ड्रागन फल (सिउडी फल)मा ढुसिजन्य रोगको समस्या देखिएको छ । जिल्लाका अधिकांश फर्ममा यो समस्या देखिएको हो । जसका कारण उत्पादनमा गिरावट आएको छ।

पूर्वी चितवनको रत्ननगरमा सिउडी फलको खेती गर्दै आउनुभएका धुरवप्रसाद अधिकारी यस वर्ष उत्पादनमा गिरावट आउने बताउछन । ढुसिजन्य रोगका कारण उत्पादनको ५० प्रतिशत मात्र राम्रो भएको उनले बताए । फलको बोक्रामा कालो दागहरु देखिँदा व्यवसायी र प्रयोगकर्ताले समेत कम प्रयोग गर्ने उनले बताए।

उनले भने ‘अहिले उत्पादनको ५० प्रतिशत राम्रो निस्किएको छ। अन्यमा समस्या देखिएको छ ।’ औषधिको प्रयोगले यत्तिको भएको उनले बताए । राम्रो उत्पादन भएका फलहरु व्यवसायीले लैजाने गरेको बताउँदै उनले भने ‘कालो दागहरु देखिएका फललाई सस्तोमा गाउँघरतीर बिक्री गर्नु परेको छ ।’ यो रोग देखिएको फल एक साता भित्र प्रयोग गरिसक्नु पर्ने उनले बताए।

कृषि विकास कार्यालय चितवनकी बागबानी बिकास अधिकृत स्वस्तीका चौहानका अनुसार जिल्लाको २४ हेक्टर क्षेत्रफलमा लगाइएको यस फलमा समस्या देखिएको हो । ढुसिका कारण फलमा कोत्रे रोगको संक्रमण देखिएको हो। यो रोगका कारण फल पहेलिने, दानामा खैरो थोपा देखा पर्ने, फल कालो भई चाउरीने जस्ता समस्या देखिने गर्दछ । उनले भने ‘बिरुवामा पहिले संक्रमण भएरपछि फलमा संक्रमण देखिने गर्दछ । बिरुवामा पहिलेनै थोप्ला–थोप्ला देखिने गर्दछ।’

कोलेटोट्रिचम नामक ढुसिले यो रोग लाग्ने गर्दछ। फलमा यो रोग देखिएपछि बिस्तारै फल कालो हुनुका साथै फल फुट्ने गर्दछ । संक्रमित फल बजारमा बिक्रि नहुने हुँदा समस्या आउने गरेको उनले बताए । यो रोग लाग्न नदिनका लागि बोटमानै समस्या देखिएको समयमा कपर अक्सिक्लोराईडको प्रयोग गर्न सकिने उनले बताए। प्रतिलिटर पानीमा २ ग्राम यो औषधिको प्रयोग गरेर छर्न सकेमा समस्या नहुने उनको भनाइ छ। उनले भने ‘सुरुआती समयमानै उपचार गर्न सके उत्पादन र बिक्री बितरणमा समस्या आउँदैन ।’ बोटमा देखिएको समस्यालाई समाधानका लागि चक्कुले खुर्किएर फङ्गीसाइडको प्रयोग गर्न सके उत्तम हुने उनले बताए।

यो रोग लाग्न नदिनका लागि समय समयमा निलो तुथो (बोडोपोष्ट एवं वोडो मिश्रण) को प्रयोग गर्न सकिने छ । बिरुवा रोप्दा चोटपटक लागेको बिरुवा नरोप्ने, रोग रहित विरुवा लगाउने जस्ता काममा व्यवसायीक किसानले ध्यान दिनु पर्ने उनले जानकारी दिए । जिल्लामा अहिले बार्षिक २८८ मेट्रिकटन सिउडी फल उत्पादन हुँदै आएको छ।रासस

# अपाङ्गता भएका बालबालिकालाई घरमै शिक्षा

**कञ्चनपुर ।**
बेलडाँडी गाउँपालिका–२ का १० वर्षीय रितेश उपाध्याय कखरा जान्ने भएका छन । घरको आँगनबाट बाहिर आउन नसक्ने उनले पहिलो पटक घरमै अक्षर चिन्ने मौका पाएका छन । जन्मजात हिँड्न र बोल्न नसक्ने रितेशलाई सात महिनादेखि घरमै पुगेर स्थानीय शिक्षिका लक्ष्मी औजीले दैनिक चार घण्टा पढाउछन । 'सुरुमा मान्छे देख्ने बित्तिकै भाग्थ्यो अहिले मान्छे आए भने नमस्ते गर्छ, पढ्न र बोल्न सक्ने भएको छ', उनले भने ।



रितेश खेल्न रुचाउने भएकाले खेलका माध्यमबाट सिकाउँदै आएको बताउँदै पढाइ सँगसँगै समय समयमा उनको थेरापी समेत गर्दै आएको जानकारी दिए ।

घरको आँगन कट्न नसक्ने लालझाँडी गाउँपालिका– ३ वल्मीका मयन्क राना अहिले घर नजिकैको पूर्णिमा आधारभुत विद्यालयमा भर्ना भएका छन् । उनलाई सात महिना घरमै अध्ययन गराएपछि विद्यालयमा भर्ना गरिएको हो । एक वर्षअघिसम्म उनका आमाबुबाले आफ्नो छोरा पनि पढ्न सक्ने र विद्यालय जान सक्ने कल्पना गरेका थिएन । जब घरमै छोरालाई पढाउन थालियो त्यसपछि उनको आत्मबल बढेको छ ।

दातृ निकायले शारीरिक अपाङ्गताको परीक्षणपश्चात् आवश्यक सहायता सामाग्री समेत प्रदान गरेपछि घरको कोठामा थुनिएका मयन्क विद्यालयको कोठामा पुगेका छन । 'मैले त छोरा यसरी विद्यालयमा भर्ना होला भन्ने कल्पना गरेकी थिएन ।' मयन्ककी आमा श्रीमतु रानाले भनिन–'अहिले छोरा अलिअलि हिँड्छ, विद्यालयमा भर्ना भएको छ', उनले छोराको खुट्टाको समस्याका कारण घरको कोठाका थुनिनु परेको जानकारी दिँदै भने ।

लालझाडी गाउँपालिकाकै ६ वर्षीय एलेक्स रानालाई पनि सात महिनादेखि घरमै शिक्षकले पढाउँदै आएका छन ।

'घरको आँगन टेक्न नसक्ने एलेक्स अक्षर चिन्न थालेको छ ।' शिक्षिका ललिता साहुले भने, 'सात महिना त उसको घरमै गएर पढाएँ अहिले कहिले विद्यालय त कहिले घरमै गएर पढाउँदै आएकी छु ।' लालझाँडी गाउँपालिकास्थित भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक वेदप्रसाद उपाध्यायले हाल विद्यालयमा अपाङ्गता भएका विद्यार्थी लक्षित कक्षाकोठा व्यवस्थापन गरेर पठनपाठन भइरहेको जानकारी दिए । उनले विद्यालयमा अपाङ्गता भएका विद्यार्थी लक्ष्यित जनशक्ति र सिकाइ सामग्रीको अभाव भएको बताए ।

जिल्लाको बेलडाँडी गाउँपालिका र लालझाडी गाउँपालिकामा अपाङ्गता भएका नौ जना बालबालिकालाई घरमै शिक्षिका पठाएर पढाउने व्यवस्था मिलाइएको छ । युरोपेली सङ्घको आर्थिक सहयोग र सेभ द चिल्ड्रेनसँगको साझेदारीमा नेपाल राष्ट्रिय समाज कल्याण सङ्घले समावेशी तथा गुणस्तरीय शिक्षा परियोजनाअन्तर्गत अपाङ्गता भएका विद्यालय जान नसक्ने बालबालिकाको शिक्षामा पहुँचका लागि घरमै विद्यालय अवधारणाअन्तर्गत दैनिक चार घण्टा पढाउने व्यवस्था मिलाएको हो ।

परियोजनाका प्रबन्धक विशन देव जोशीले गुणस्तरीय शिक्षामा समावेशी पहुँचलाई प्रोत्साहन गर्ने उद्देश्यले सुदूरपश्चिम र कर्णाली प्रदेशका छ वटा पालिकामा यो कार्यक्रम लागू भएको जानकारी दिए ।

सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिहरुका लागि समावेशी शिक्षा नीति, २०७३ मार्फत समावेशी शिक्षालाई प्रोत्साहन गरेको उनले बताए । रासस

# म्याग्दीका तीस ग्रामीण सडकको स्तरोन्नति

**म्याग्दी ।**
जिल्ला पूर्वाधार विकास कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा ३० वटा ग्रामीण सडक स्तरोन्नति गरेको छ । कार्यालय प्रमुख विष्णु पौडेलका अनुसार नौ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएका ३७ वटा सालबसाली योजनामध्ये २९ वटा ठेक्का प्रक्रिया र उपभोक्ता समितिबाट तीन वटा योजना कार्यान्वयन भएका छन् । ती योजना कार्यान्वनयका लागि निर्माण व्यवसायी र उपभोक्ता समितिहरुसँग पाँच करोड ९० लाख ८१ हजार रुपैयाँमा सम्झौता भएको थियो ।



ग्रामीण सडक फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार गर्ने, पानीको निकासका निम्ति नाली तथा 'रिटेनिङ' पर्खाल निर्माण, कालोपत्र, ढलान गर्न तथा मोटरेबल र झोलुङ्गे पुल निर्माणसम्बन्धी सालबसाली ३७ सहित ७१ वटा योजनाका लागि पुँजीगततर्फ ५९ करोड ३१ रुपैयाँ बजेट विनियोजन भएको थियो ।

गत वर्ष चार दशमलव ९० किलोमिटर कालोपत्र र ढलान, चार दशमलव १४ किलोमिटर ग्राभेल, तीन दशमलव ३० किलोमिटर नयाँ कच्ची सडक निर्माण, ३१ दशमलव ६० किलोमिटर सडक फराकिलो बनाउने, १० दशमलव ७२ किलोमिटर नाली र ३१ हजार २९ घनमिटर टेवा पर्खाल निर्माण भएको कार्यालय प्रमुख पौडेलले बताए । यसैगरी २९ वटा कल्भर्ट कजवे, १२ दशमलव ५० किलोमिटर सडक मर्मत, एक वटा झोलुङ्गे, दुई वटा मोटरेबल पुल र एक वटा भवन निर्माणसम्बन्धी योजना सम्पन्न भएका छन् । गत आवमा ६४ करोड एक लाख ४३ हजार रुपैयाँ विनियोजन भएकोमा ४७ करोड १४ लाख ९१ हजार रुपैयाँ खर्च भएको छ । रासस

# युवालाई रोजगारीसँग जोड्न पोखरामा 'आरयु फेष्ट'



**कास्की ।**
पोखरामा पहिलो पटक 'आरयु फेष्ट' हुने भएको छ । पोखरा महानगरपालिकासँगको सहकार्यमा कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) को आर्थिक सहयोग तथा संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) को प्राविधिक सहयोगमा पोखरामा सञ्चालित 'रिसाइक्लिङ' र 'अपसाइक्लिङ'मार्फत हरित रोजगारी सिर्जना परियोजनाअन्तर्गत आरयु फेष्ट गर्न लागिएको हो ।

यही साउन १६ र १७ गते पोखराको इभेन्ट सेन्टरमा फोहोरलाई खजाना (मोहोर) बनाउने मूलमन्त्रसहित यो महोत्सव आयोजना गरिने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बिहिवार पत्रकार सम्मेलन गरी जानकारी दिए । उनले पोखरासहित मुलुकको हरित विकासका लागि एक नवीनतम् प्रयासका रूपमा महोत्सव स्थापित हुने अपेक्षा व्यक्त गरे । महोत्सवले सृजनशीलता, नवप्रवर्तन र दिगोपनाका लागि हातेमालो गर्दै वातावरणमैत्री र सुरक्षित भविष्य निर्माण गर्ने लक्ष्य राखेको नगरप्रमुख आचार्यले बताए । 'दैनिक जीवनमा प्रयोगहीन सामग्रीहरू रिसाइक्लिङ र अपसाइक्लिङ गरी हरित रोजगारी सिर्जनासहित चक्रीय अर्थतन्त्रको निर्माणमा महोत्सवले नयाँ ज्ञान, सीप र मार्गदर्शन प्रदान गर्नेछ', उनले भने, 'यसले उद्यमशीलता र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान गर्नेछ ।' महोत्सवमा रिसाइक्लिङ र अपसाइक्लिङसम्बन्धी नेपालको मौलिक सीप, दक्षिण कोरियाको चक्रीय अर्थतन्त्रमा यसले पारेको सकारात्मक प्रभाव र प्रेरणादायी अनुभवहरू आदानप्रदान गरिने उनले बताए ।

नगरप्रमुख आचार्यका अनुसार देशभरिका नवप्रवर्तनयुक्त रिसाइक्लिङ र अपसाइक्लिङ उत्पादनहरूको प्रदर्शनी, फोहोरलाई उपयोगी वस्तुमा रूपान्तरण गर्ने प्रक्रियाको प्रत्यक्ष प्राविधिक डेमो सो, जलवायु, दिगो पर्यटन विकास, हरित उद्यमशीलता र प्लास्टिक टू रोड प्रविधिमाथि संवाद, युवाका लागि सिर्जनात्मक कार्यशाला, सार्वजनिक कला प्रदर्शनी, सहभागितामूलक गतिविधिहरू प्रस्तुत, दक्षिण कोरियाको सफलता अनुभवमाथि विशेष संवाद सत्र, हरित रोजगारी, बजार पहुँच र दिगो जीविकोपार्जनका उपायहरूलगायत विषयहरूमाथि चर्चा परिचर्चा हुनेछ । हाल रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सिर्जना परियोजनाअन्तर्गत कोइकाको नौ दशमलप आठ मिलियन अमेरिकी डलर र युएनडिपीले शून्य दशमलव ८७ मिलियन अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ एक अर्ब ४४ करोडको आर्थिक सहयोगमा पोखरामा जिभिजेड सेन्टर निर्माण भइसकेको छ । नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा कोसेली घर निर्माण भइरहेको छ । पोखरा महानगरपालिका क्षेत्रमा १३६ वटा सामुदायिक समूह निर्माण गरी उनीहरूलाई आवश्यक तालिम तथा प्राविधिक प्रशिक्षण पनि प्रदान गरिएको छ । 'यस परियोजनाले युवालाई रोजगारीसँग जोड्ने छभने हरित अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण योगदान गर्नेछ', नगरप्रमुख आचार्यले भने ।

फोहोरमैलाको उचित व्यवस्थापनमार्फत हरित रोजगारी सृजना र चक्रीय अर्थतन्त्रको सृजनशील उपयोग आम समुदायका लागि निकै महत्त्वपूर्ण हुने विश्वास गरिएको छ । हरित अर्थतन्त्रमा योगदान पु¥याउने आरयू उद्यमहरूलाई बढावा दिन दिगो नीतिको सुनिश्चिततासहित महानगरपालिकाले परियोजनाको स्वामित्व लिनेछ । परियोजनामार्फत आगामी २ वर्षमा तीन हजार रोजगारी सृजना गर्ने लक्ष्य राखिएको छ । पर्यटकीय राजधानी पोखरालाई हरित, दिगो र आधुनिक बनाउने यात्रामा हातेमालो गर्न पोखरा महानगरपालिकाले आम पोखरेलीहरूलाई सार्वजनिक आह्वानसमेत गरेको छ । रासस

# कालिका भगवतीलाई चढाइयो खीर

**गण्डकी ।**
बिहिवार साउन १५ अर्थात खीर खाने दिन । यो परम्परा बागलुङको प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरसँग पनि जोडिएको छ । यस मन्दिरमा वर्षको एकपटक साउन महिनामा खिर चढाउने चलन छ । मन्दिर गुठी व्यवस्थापन समितिका कोषाध्यक्ष रामबहादुर खड्काले खीर चढाउने तिथि भने तलमाथि पर्ने गरेको बताए । संयोगले यसपालि साउन १५ मै परेको उनको भनाइ छ ।



'बिहान ५ बजेर २१ मिनेटको साइतमा देवीलाई खीर चढाइएको हो' कोषध्यक्ष खड्काले भने,'मूल पुजारीले पूजआजा गर्ने र सहायक पुजारीले खीर पकाउने चलन छ, देवीलाई चढाउने खीर अलग्गै पाक्छ ।' आज बिहान ५ बजेदेखि ७ बजेसम्मको साइत खिर चढाउनका लागि उत्तम रहेको थियो । शक्तिस्वरुपा कालिका भगवतीलाई खीर चढाएपछि मात्र अन्य पाहुना र भक्तजनलाई प्रसादका रुपमा खीर खुवाउने गरिएको समितिका उपाध्यक्ष निशान खड्काले बताए ।

पूर्वजहरुका पालादेखि नै मन्दिरमा खीर चढाउने चलन सुरु भएको उनको भनाइ छ । पहिलेपहिले कालिका भगवती देवीलाई खीर चढाएपछि मात्र बल्ल घरघरमा खीर पकाएर खाने चलन थियो । मन्दिर परिसरमा रहेको सालको पातबाट बनेका नयाँ टपरी र दुनामा राखेर विधिपूर्वक पूजाआजा गरेपछि बल्ल देवीलाई खीर चढाउने गरिन्छ । यस मन्दिरमा वर्षको अरु कुनै पनि दिनमा खीर चढ्दैन । नवदुर्गा, महालक्ष्मी, महाकाली, महासरस्वती, चण्डिका र गणेशलाई चढाएपछि मन्दिरमा आएका भक्तजनालाई प्रसादीका रुपमा खीर खुवाउने गरिन्छ । पछिल्लो समय सरकारी तथा गैरसरकारी क्षेत्रका विशिष्ट पाहुनालाईसमेत बोलाएर खीर खुवाउने गरिएको उपाध्यक्ष खड्काले बताए । कालिका देवीलाई खीर खुवाउने चलन यस क्षेत्रकै मौलिक संस्कृतिका रुपमा जीवित रहेको उनको भनाइ छ ।

विसं १५९१ मा मन्दिर स्थापना भएदेखि नै साउन महिनामा देवीलाई खीर चढाएर मात्र घरघरमा खीर फुक्ने गरेको यहाँका पाकापुराना बताउँछन् ।

सोही परम्परालाई पछिल्लो पुस्ताले पनि धान्दै आएको हो । पहिले घरघरबाट दूध ल्याएर मन्दिर परिसरमै खीर पकाउने चलन रहेपनि अहिले भैँसी पाल्ने चलन हटेपछि बजारबाट दूध किन्ने गरिएको छ । दूधलगायत सबै सरसामानको जोहो गरेर समितिले नै खिर खुवाउने कार्यक्रमको प्रबन्ध गर्ने गर्छ । झण्डै पाँच सय वर्षअघि स्थापना भएको कालिका भगवती मन्दिर देशमै प्रख्यात शक्तिपीठमा गनिन्छ । तत्कालीन पर्वते राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरी विश्ववादेवीसँग विवाह गर्दा देवीलाई दाइजो स्वरुप ल्याएको इतिहासमा उल्लेख छ ।

देवीको मूर्तिसहितको डोली अरु कसैले उचाल्न नसकेपछि बागलुङबाट शिकारीको भेषमा गएका चक्र पूँवार खड्काले खड्ग समातेको र यहीँबाट गएका लमगाउँका मगरले डोली बोकेर ल्याएको बताइन्छ । डोली ल्याउने क्रममा बागलुङ नगरपालिका–१ स्थित जङ्गलमा बिसाइएको र पुनः डोली उठाउन खोज्दा नसकेपछि त्यहीँ देवीलाई प्रतिस्थापन गरिएको किम्बदन्ती छ । कालिका देवीको पूजाआजा र भाकल गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । रासस

# सिँचाइ अभाव हुँदा आकासे पानीको भरमा इलामका किसान

**इलाम ।**
जिल्लाको माई नगरपालिका–६ पलाँसेका किसान सुरविर योङहाङले धान रोप्नका लागि एक महिनाअघिदेखि खनजोत गरी खेत तयार पारेका थिए । आकासे पानी आवश्यकता अनुसार नपरेपछि उहाँले अहिलेसम्म एक गाँभो पनि धान रोप्न सक्नुभएको छैन ।

खेतमा पानी पुग्ने मुहानमा मूल नफुटेकाले रोपाइँ सम्भव नभएको बताउँदै आकासे पानीको भरमा बसेकाले करिब १९ रोपनी खेत अहिलेसम्म बाँझै रहेको सुरविरले जानकारी दिए । 'खेत जोते पनि सिँचाइ अभावले रोपाइँ गर्न नसकेपछि आकासतिर हेर्दै बस्नुपर्ने बाध्यता छ । खेत जोतेर बीउ पनि तयार पारेको हुँ । अब एक साताभित्र पनि पानी परेन भने यो वर्षको रोपाइँ हुँदैन', उनले भने । किसान आइतराज लिम्बूको पीडा पनि उस्तै छ । खनजोत गरेर रोपाइँका लागि तयार पारिएको १६ रोपनी खेत आकासे पानीको पर्खाइमा बाँझै छ । 'पहिलापहिला असारको सुरुमा पानी पथ्र्यो, तर यो साल साउन दोस्रो साता बितिसक्दा समेत पानी परेन', उनले भने, 'सिँचाइ अभाव हुँदा खेत बाँझो रहने भयो, खेती नभए के खाने चिन्ता बढ्न थालेको छ ।' समयमा पानी नपर्दा इलामका सुरविर र आइतराजजस्ता सयौँ किसान रोपाइँ गर्न नपाएपछि चिन्तित छन् ।

यसैबीच साउनको दोस्रो सातासम्म इलाममा ७४ प्रतिशत मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख कुलबहादुर राईले साउन दोस्रो सातासम्म ११ हजार ६३ हेक्टरमध्ये आठ हजार १८६ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको जनाउँदै यो कूल क्षेत्रको ७४ प्रतिशत हुने बताए ।

'गतवर्ष यही समयमा ९२ प्रतिशत क्षेत्रमा धान रोपाइँ सकिएको थियो । गत वर्ष १४ हजार ८१५ हेक्टर क्षेत्रमा धानखेती गरिएको थियो । यस वर्ष आवश्यक वर्षा नभएकाले किसानले समयमा धान रोप्न पाएका छैनन', राईले भने । यस वर्ष मनसुन पर्याप्त नभएको, पानीका मूल नफुटेका, जमिनमा पानीको तह घट्नुका साथै सिँचाइ अभावले कम रोपाइँ भएको उनको भनाइ छ ।

कूलो र नहरको सुविधा भएका, खोला र खोल्सा क्षेत्र छेउछाउमा रहेका खेतमा रोपाइँ सकिएको बताउँदै आकासे पानीको भर परेर रोपिने ठाउँ बाँझै रहेका प्रमुख राईले बताए ।

रोपेका ठाउँमा पनि सिँचाइ नहुँदा खेतका गह्राहरू चर्किन थालेका किसानले बताएका छन् । साउन दोस्रो सातासम्म पनि रोपाइँ गर्न नपाउँदा यस वर्ष धान उत्पादन गर्न नसकिने चिन्तामा किसान छन् ।

इलामको तल्लो क्षेत्र अर्थात् चुलाचुली गाउँपालिका, माई नगरपालिका तथा माङसेबुङ, फाकफोकथुम, रोङ, माईजोगमाई, सन्दकपुर गाउँपालिका र देउमाई, इलाम र सूर्योदय नगरपालिकाका तल्लो क्षेत्रमा धानखेती हुने कृषि ज्ञान केन्द्रले जनाएको छ । यहाँको माई नगरपालिका र रोङ गाउँपालिकाका किसानले उन्नत जातका राविली र रञ्जित खेती गर्दै आएका छन् । अन्य क्षेत्रका किसानले बेलकुटी, चिराखे, अटे, चुल्ठे, भँगेरे, टिमुरे, बयर्नी, रामतुलसी, रुदुवा, नानिया, चम्पासरी, तापमारालगायत स्थानीय जातका धानखेती गर्ने केन्द्रका प्रमुख राईले जानकारी दिए । उनका अनुसार यहाँको माई नगरपालिका, चुलाचुली गाउँपालिका र इलाम नगरपालिकामा सबैभन्दा बढी धानखेती हुँदै आएको छ । रासस

# अशक्तहरुको सहज जीवनयापनका लागि १० बुँदे योजना



**मधेशदृष्टि**
**सप्तरी ।**
शारिरीक रुपमा अशक्त भएकाहरुको हक, अधिकार, आत्मनिर्भरता, समानता, समावेशीता र सहज जीवनयापनका क्षेत्रमा क्रियाशिल एक सस्थाले आगामी दिनमा थप कार्यक्रम ल्याउने घोषणा गरेको छ । समावेशी अपाङ्ग संघ सप्तरीले बिहीवार राजविराजमा आयोजना गरेको आफ्नो ८औं वार्षिक साधारण सभा तथा संस्थागत नीतीहरु अनुमोदन कार्यक्रममा यस्तो घोषणा गरेको हो । कार्यक्रममा संघका अध्यक्ष सतिष चन्द्र झाले शारिरीक रुपमा अशक्त भएकाहरुको जीवन सहज, हक अधिकारको सुनिश्चितता तथा उनीहरुको संरक्षण र सम्बद्धनका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा १० बुँदे निती तथा कार्यक्रम कार्यान्वयनमा ल्याउन लागेको जानकारी दिए । उनका अनुसार अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, पहूँच र सेवा सुविधा बृद्धिका लागि जनचेतना र वकालत, क्षमता अभिवृद्धी र पुनःस्थापना, सुचना तथा प्रविधिमा पहूँच, विपद जोखिम न्युनिकरण र तालिम तथा व्यवसाय र रोजगारी तालिम सम्बन्धी कार्यक्रम यस वर्ष संचालन हुनेछ । यस्तै महिला नेतृत्व विकास आयमुलक तालिम, कार्यालय व्यवस्थापन र पहुँच योग्यता, जलवायु परिवर्तन र वातावरण नीती, अपाङ्गता सहायक सामग्री वितरण लगायतका कार्यक्रम पनि संस्थाले यस वर्ष संचालन गर्ने भएको छ । कार्यक्रममा शुभकामना दिँदै बौद्धिक अपाङ्गता अभिभावक संघ सप्तरीका अध्यक्ष जगदिश प्रसाद अर्यालयले संघले ल्याएको भावी कार्यक्रमले अपाङ्गता भएको व्यक्तिको जीवनस्तरमा सुधार र सहजतामा ठूलो मदत पुर्याउने भन्दै घोषित निती तथा कार्यक्रम प्रभावकरी कार्यान्वयनमा तीनै तहका सरकारले समेत सहयोग गर्नू पर्ने आवश्यक्ता औँल्याए । राजविराज नगरपालिकाकी महिला विकास अधिकृत अनिता चौधरीले अपाङ्गता भएका व्यक्ति र तीनका अभिभावक समेतलाई राहत पुर्याउने गरी ल्याइएको कार्यक्रम सफल कार्यान्वयनका लागि नगरपालिकाको तर्फबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाइन् । कार्यक्रममा संस्थाका सचिव अशोक कुमार यादवले वार्षिक प्रगति तथा कोषाध्यक्ष राधा अर्यालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । संस्था शिक्षा अधिकृत ज्ञानेन्द्र कुमार झाद्वारा संचालित कार्यक्रममा वडाअध्यक्ष अनिल दास, सबल नेपालका कार्यकारी निर्देशक दिपक कुमार झा, एनसीइ नेपालका अधिकृत जगत कामत, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका मधेश प्रदेश कार्यक्रम संयोजक प्रकाश नेपाली, संस्थाका लेखा समिती संयोजक नरेश चौधरी लगायतले पनि आ–आफ्नो धारणा राखेका थिए ।

# सिँचाइको आशा बोकेको आयोजना अलपत्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई–मधेश नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने स्रोतको रुपमा चिनिन्छ । तर, मधेश अहिले सुक्खा संकटको मारमा परेको छ । वर्षाका अभावमा धानको रोपाइँ व्यापक रूपमा प्रभावित भएको छ । यसले यस क्षेत्रको कृषिमा मात्रै नभई सम्पूर्ण अर्थतन्त्रमा गहिरो असर पार्ने खतरा देखिएको छ । मधेश प्रदेशका आठ जिल्लामा रोपाइँ हुने कुल ३ लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म जम्मा ५१ प्रतिशत अर्थात् १ लाख ९३ हजार ११६ हेक्टरमा मात्रै रोपाइँ भएको छ । अघिल्लो वर्ष यसै अवधिसम्म ८३ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको थियो । यस वर्षको मौसमी परिस्थिति भने कृषकहरूमाथि कहालीलाग्दो बनेको छ । मधेश प्रदेश कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादव भन्छन्, 'सिंचाइ र वर्षाको चरम अभावले गर्दा रोपिएको धान सुक्दै छ । खेतहरू धाँजा फाटेर चिरा परेको हृश्य सर्वत्र देखिन्छ । कृषकका मनमा निराशा छाइरहेको छ ।' तराई–मधेशको यस्तो संकटलाई दीर्घकालीन रूपमा सम्बोधन गर्न निर्माणाधीन 'सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना' एक प्रमुख परियोजना हो । यो आयोजनाबाट धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराका १ लाख २२ हजार हेक्टर जमिनमा वर्षभरि सिँचाइ सुविधा पुर्याउने लक्ष्य छ । यो आयोजना १३.३ किमी सुरुङमार्फत सुनकोशी नदीको पानी मरिण नदी हुँदै बागमती सिँचाइ आयोजनाबाट खेतमा पुर्याउने योजना हो । सुरुङ निर्माण १५ महिना अघि नै सम्पन्न भइसकेको छ । यसमा करीब १० अर्ब रुपैयाँ खर्च भइसकेको छ । तर, मुख्य बाँध निर्माण भने हालसम्म केवल १० प्रतिशत मात्र सम्पन्न भएको छ । बाँध निर्माणको ठेक्का लिएको 'रमण–पटेल जेभी' कम्पनीले अनुमानित लागतभन्दा ३२ प्रतिशत कम मूल्यमा ठेक्का लिएर काम थाले पनि ३० महिनाको अवधिमा मात्र १० प्रतिशत काम सम्पन्न गर्न सकेको छ । निर्माण कम्पनीले स्रोतसाधनको उचित परिचालन गर्न नसक्नु, बाढीपहिरोलाई बहाना बनाउनु र निरन्तर ढिलासुस्ती गर्नुले आयोजनालाई संकटमा पारेको छ । आयोजना निर्देशक बद्री कार्की भन्छन्, 'सुरुङ तयार भएको १५ महिना बितिसक्यो तर बाँध निर्माण अत्यन्त सुस्त गतिमा भइरहेको छ । निर्माण कम्पनीले १ अर्ब १२ करोड भुक्तानी लिइसकेको छ । तर, काम भने अपेक्षा अनुसार अघि बढ्न सकेको छैन ।' धान रोपाइँ नभएर वा रोपिएको धान सुक्दै जानुले यस वर्षको धान उत्पादनमा व्यापक गिरावट आउने निश्चित देखिन्छ । धनुषा र महोत्तरीमा रोपाइँको अवस्था ३५ प्रतिशत हाराहारीमा छ भने बारामा मात्र ८० प्रतिशत रोपाइँ सकिएको छ । यी तथ्याङ्कले सुक्खा संकटको भयावहता प्रष्ट देखाउँछ । कृषक रमेश यादव भन्छन्, 'गत वर्ष धान राम्रो फलेको थियो । तर, यस वर्ष रोप्ने पानी नै छैन । रोपेको पनि जोगाउन सकिएला कि सकिएन भन्ने चिन्ता छ ।' सुनकोशी मरिण आयोजना सफल भएमा तराई–मधेशको कृषिमा क्रान्तिकारी परिवर्तन आउने विश्वास गरिएको छ । यस आयोजनाबाट ३१.०७ मेगावाट विद्युत् उत्पादन हुने र त्यसको उपयोग जलस्रोत क्षेत्रमा बहुआयामिक विकास गर्न सकिनेछ । साथै माछापालन, पर्यटन, जलाशय र सिँचाइ आधारित व्यवसायहरू फस्टाउने अपेक्षा छ । आयोजना निर्देशक कार्की भन्छन्, 'वर्षैभरि सिँचाइ सुविधा पाउने भएपछि कृषिमा आयात प्रतिस्थापन मात्र नभई उत्पादनमा आत्मनिर्भरता कायम गर्न पनि सजिलो हुन्छ । तर, यसको लागि आयोजनाको गति बढाउनु जरुरी छ ।' सरकारले २०७३÷७४ सालमै राष्ट्रिय गौरवको आयोजनाको रूपमा अघि सारेको यो परियोजना अहिले कार्यान्वयनको ढिलाइले गर्दा अलपत्र अवस्थामा पुगेको छ । सुरुङ तयार भएको १५ महिना बितिसक्दा पनि बाँधको अवस्था अनिश्चित रहनु दुःखद हो । यदि निर्माण कम्पनीले अझै पनि काममा सुधार नगरेमा सरकार र सम्बन्धित निकायले कडा निर्णय लिनुपर्ने समय आएको छ ।

नत्र, करोडौं लगानी र लाखौं कृषकको आशा पानीमा जान सक्छ । तराई–मधेशको भविष्यको खेती, खाद्यान्न सुरक्षाका साथै समग्र अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको यो आयोजना अब गम्भीर ध्यान र तत्कालीन निर्णयको पर्खाइमा छ ।

# महिला उद्यमशिलताको प्रवर्द्धन गरिनुपर्छः मुख्यमन्त्री



**सिरहा ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले महिलाको आर्थिक र सामाजिक सशक्तिकरणका लागि महिला उद्यमशीलताको प्रवद्र्धन अनिवार्य रहेको बताएका छन् । लहानमा बिहीबार आयोजित महिला उद्यमी सङ्घ नेपाल, सिरहाको नवगठित कार्यसमिति घोषणा कार्यक्रममा मुख्यमन्त्री सिंहले महिलालाई उद्यमशील बनाई आर्थिक रूपमा सक्षम बनाउनुपर्नेमा जोड दिए । मुख्यमन्त्री सिंहले महिला–पुरुषबीच समानता कायम गर्न महिला आत्मनिर्भरता आवश्यक भएको उल्लेख गर्दै सक्षम महिलालाई उद्यमशील क्षेत्रमा जोड्नु जरुरी भएको बताए । 'महिलाले उत्पादन गरेका सामग्री गुणस्तरीय बनाएर बजारीकरण र अन्तरराष्ट्रियकरण गर्न सक्नुपर्छ', उनले भने, 'फर्सीको बीउ उत्पादन, गुन्द्रुक र आँपको अचारजस्ता परम्परागत तर गुणस्तरीय वस्तु विदेश निर्यात गर्न सकिने सम्भावना छ ।' मुख्यमन्त्री सिंहले साना–साना सामग्री आयात गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्वदेशी उत्पादन र उपभोगमा जोड दिनुपर्ने बताए । साथै, महिला उद्यमीलाई आवश्यक तालिम दिएर सीप अभिवृद्धि गरिनुपर्ने र आधुनिक प्रविधिको ज्ञानमार्फत थप लाभ लिन सकिने सम्भावना रहेको उल्लेख गरे । महिला उद्यमी महासङ्घकी केन्द्रीय अध्यक्ष शोभा ज्ञवालीले 'स्वदेशी खाउँ, स्वदेशी लाउँ, स्वदेशी उद्यमीलाई प्रोत्साहन गरौँ' नारासहित देशका ७७ वटै जिल्लामा महिला उद्यमी सङ्घ गठन भइसकेको जानकारी दिइन् । उनले महिला उद्यमशिलताको विकासले केवल महिलाको जीवनस्तरमा मात्रै सुधार ल्याउने नभएर परिवार र समाजलाई सकारात्मक दिशामा अघि बढाउने बताइन् ।

लहान नगरप्रमुख महेशप्रसाद चौधरीले महिलाले अब उद्यमबाटै विदेश जाने पुरुषको भन्दा बढी आम्दानी गर्न सक्ने विश्वास व्यक्त गरे । नगरपालिकाले रोजगारी, तालिम र उद्यममा अवसर दिँदै आएको उल्लेख गर्दै अब प्रत्येक वडामा महिला समिति गठन गरी कार्यक्रमलाई अझ प्रभावकारी बनाइने जानकारी दिए । मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले महिलाको आर्थिक सबलीकरणले महिला हिंसा न्यूनीकरणमा भूमिका खेल्ने धारणा राखे । मधेशमा महिला प्रहरीको सङ्ख्या अपुग रहेको उल्लेख गर्दै उनले सबै क्षेत्रले मिलेर महिला सशक्तिकरणमा हातेमालो गर्नुपर्ने बताए । सो अवसरमा खुश्बु जैसवालको अध्यक्षतामा ११ सदस्यीय महिला उद्यमी सङ्घ नेपाल, सिरहा गठन गरिएको छ । रासस

# विपद् व्यवस्थापनसम्बन्धी कामको प्रगति समीक्षा

**जनकपुरधाम ।**
मधेशमा जलसङ्कट समाधानका लागि मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक आज जनकपुरधाममा सम्पन्न भएको छ । गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गत सो समितिको बैठकमा सङ्घीय सरकारबाट भइरहेका विपद्सम्बन्धी कामको प्रगतिमाथि समीक्षा भएको मन्त्रालयले जनाएको छ । साथै प्रदेश सरकारको आगामी कार्यदिशा तथा स्थानीय तहसँगको समन्वयमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको प्रदेश गृहमन्त्री लेखीले जानकारी दिए । बैठकले हालै गृह मन्त्रालयमार्फत खरिद गरिएका आठमध्ये ६ वटा दमकल स्थानीय तहलाई हस्तान्तरण गर्ने निर्णय गरेको छ ।

ती दमकलमार्फत स्थानीय तहबाटै सङ्कटग्रस्त क्षेत्रमा खानेपानी आपूर्ति सुनिश्चित गरिनेछ । हाल सप्तरी र पर्सा जिल्लाको खानेपानी आपूर्ति गरिरहेका बाँकी दुईवटा दमकललाई सोही प्रयोजनमा लगाइने निर्णय बैठकले गरेको छ । साथै, विपद् सङ्कटग्रस्त क्षेत्रमा खानेपानी तथा सिँचाइको व्यवस्था गर्न सङ्घीय सरकार र अन्य दातृ निकायबाट प्राप्त स्रोतसाधनलाई प्रभावकारी रुपमा प्रयोग गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई कार्यान्वयनमा लैजान अनुरोध गर्ने निर्णय पनि गरिएको छ । बैठकले विपद् प्रभावित क्षेत्रमा कार्य प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेशका सम्बन्धित मन्त्रालयसँग समन्वय गरी सबै सरोकारवाला निकायलाई निर्देशन दिने निर्णयसमेत गरेको छ । त्यसैगरी, नेपाली सेनाले शान्ति मिसनबाट प्राप्त १७ वटा पानी ट्याङ्कर र एउटा 'बम डिस्पोजल' गाडीलाई प्रचलित कानुनअनुसार अस्थायी दर्ता गराउन प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयमा सिफारिस गर्ने निर्णय पनि समितिले गरेको छ । गृहमन्त्री लेखीका अनुसार विपद् व्यवस्थापनलाई अझ सक्रिय, प्रभावकारी र दिगो बनाउन प्रदेश सरकारले आगामी दिनमा थप योजनाहरु कार्यान्वयनमा लैजाने निर्णय भएको छ । बैठकमा मधेस प्रदेशमा रहेका नेपाली सेनालगायत सरोकारवाला पदाधिकारीहरुको सहभागिता थियो । रासस

# लैंगिक हिंसा प्रतिकार्य निर्देशिका मस्यौदा हस्तान्तरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा लैंगिक हिंसा पीडितका लागि न्याय, सहायता र पुनःस्थापनाको उद्देश्यले तयार गरिएको 'लैंगिक हिंसा प्रतिकार्य सम्बन्धी घटना व्यवस्थापन तथा सेवा प्रेषण प्रणाली निर्देशिका, २०८२' को मस्यौदा बिहीबार खेलकूद तथा समाज कल्याण मन्त्री प्रमोदकुमार जयसवाललाई हस्तान्तरण गरिएको छ । जनकपुरधामस्थित मन्त्रालयमा आयोजित कार्यक्रममा कार्यदलका पदाधिकारीहरूले उक्त मस्यौदा मन्त्री जयसवाललाई बुझाएका हुन् । कार्यदलमा खेलकूद तथा समाज कल्याण मन्त्रालय, जनकपुरधाम उपमहानगरपालिका, युरोपियन युनियन, युएनएफपीए, सीएमसी नेपाललगायतका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू संलग्न थिए । कार्यदल गत वैशाख १५ गतेको बैठकबाट गठन गरिएको हो । निर्देशिकामा चारवटा अनुच्छेद र २१ बुँदाहरू समावेश गरिएको राष्ट्रिय बाल परिषद्का प्रदेश समन्वय अधिकृत सञ्जीव महतोले जानकारी दिए । उनका अनुसार निर्देशिकाले लैंगिक हिंसाका पीडितलाई कानूनी सहायता, मनोसामाजिक परामर्श, उपचार, सुरक्षा, पुनःस्थापना र जीविकोपार्जनसम्मको विस्तृत सहायता व्यवस्था सुनिश्चित गर्नेछ । कार्यदलकी संयोजक एवम् समाज कल्याण महाशाखा प्रमुख निर्मला मिश्रले सो मस्यौदा मन्त्री जयसवाललाई हस्तान्तरण गरेकी हुन् । मस्यौदा बुझ्दै मन्त्री जयसवालले मधेश प्रदेशमा महिला हिंसा विरुद्धको अभियानलाई प्रभावकारी बनाउन निर्देशिका महत्वपूर्ण आधार बन्ने विश्वास व्यक्त गरे । 'परम्परा र रूढीका नाममा मधेशमा भइरहेका हिंसाले समाजलाई पछाडि पारिरहेको छ, यसविरुद्ध सबै मिलेर अघि बढ्नुपर्छ,' मन्त्री जयसवालले भने । उनले निर्देशिका कार्यान्वयनमा आएसँगै महिला हिंसा, घरेलु हिंसा, तथा अन्य सामाजिक विकृतिविरुद्धको सरकारी अभियान थप सशक्त हुने पनि उल्लेख गरे । निर्देशिकाले पीडितलाई न्याय दिलाउनुका साथै पुनःस्थापनाको सुनिश्चितता गर्दै मधेश समाजलाई समानता र सम्मानतर्फ डोर्याउने विश्वास गरिएको छ ।

# नागरिक उन्मुक्ति पार्टीका अध्यक्षमा चौधरी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नागरिक उन्मुक्ति पार्टीको नेतृत्वमा ठुलो फेरबदल भएको छ । पार्टीका संस्थापक नेताहरूको भेलाले बिहीबार काठमाडौँको बानेश्वरमा नयाँ नेतृत्व चयन गर्दै लालवीर चौधरीलाई पार्टी अध्यक्षको जिम्मेवारी सुम्पिएको हो । लालवीर चौधरी पार्टीका संरक्षक र प्रतिनिधिसभा सदस्य रेशम चौधरीका पिता समेत हुन् । यो निर्णय पार्टी भित्र पछिल्लो समय देखिएको विवादपछिको महत्वपूर्ण मोडका रूपमा हेरिएको छ । बुधबारमात्रै पार्टी अध्यक्षसमेत रहेकी रेशम चौधरीकी पत्नी रञ्जिता श्रेष्ठलाई अनुशासनहीनता र गुटगत गतिविधिमा संलग्न भएको आरोपमा बर्खास्त गरिएको थियो । नयाँ अध्यक्ष चयनपछि पत्रकारहरूसँग कुरा गर्दै लालवीर चौधरीले पार्टीलाई अप्ठ्यारो परिस्थितिबाट निकाल्न आफूले जिम्मेवारी लिएको बताए । उनले भने, 'हामीले उहाँ (रञ्जिता श्रेष्ठ) लाई पटक–पटक आग्रह गर्यौँ । यहाँ आएर आफ्नो कुरा राख्नुस् । सबैको सल्लाहमा पार्टी चल्नुपर्छ भनेका थियौँ । तर, नमानेपछि यस्तो निर्णय लिनु परेको हो ।' पार्टीमा पछिल्लो समय देखिएको असमझदारी र गुटबन्दी अन्त्य गर्दै संस्थापकहरूको भावना अनुसार नेतृत्व अघि बढ्ने लालवीरको भनाइ छ । पार्टीको औपचारिक निर्णय सार्वजनिक भएसँगै नागरिक उन्मुक्तिमा नेतृत्व परिवर्तनको तरंग पैदा भएको छ । अब रञ्जिता श्रेष्ठ पक्षको प्रतिक्रिया र आगामी कदममा राजनीतिक वृत्तको चासो केन्द्रित हुने देखिन्छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन